शुक्लाफाँटा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ६ मितिः २०८१/०७/१४

## भाग — २

## शुक्लाफाँटा नगरपालिका

## शुक्लाफाँटा नगरपालिका स्वास्थ्य संस्था दर्ता, नवीकरण,स्तरोन्नती तथा सेवा थप सम्बन्धि कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०७/१३ गते**

**प्रस्तावनाः**

स्थानीय तहले आम नागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु पर्ने जिम्मेवारी वहन गर्ने प्रयोजनका लागि सरकारी, निजि, सामुदायिक, गैरसरकारी वा सहकारी स्तरमा स्थापना हुने स्वास्थ्य सेवा विस्तार, स्तरवृद्धि, स्वास्थ्य सेवा सञ्चालन अनुमति प्रदान गर्ने प्रक्रियालाई सरल, सहज, व्यवस्थित तथा प्रभावकारी बनाइ यस शुक्लाफाँटा नगरपालिका क्षेत्र भित्र स्वास्थ्य सेवा सञ्चालन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शुक्लाफाँटा नगरपालिकाको स्थानीय स्वास्थ्य सेवा ऐन,२०७६ मा भएका व्यबस्थाहरु कार्यान्वयनका लागि शुक्लाफाँटा नगरपालिकाको स्थानीय स्वास्थ्य सेवा ऐन,२०७६ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी शुक्लाफाँटा नगर कार्यपालिकाले यो कार्यविधि तयार गरी लागु गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम शुक्लाफाँटा नगरपालिकाको स्वास्थ्य संस्था दर्ता,नवीकरण स्तरोन्नती तथा सेवा थप सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "**अनुगमन समिति**" भन्नाले शुक्लाफाँटा नगरपालिकाले गठन गर्ने अनुसूची–१ बमाजिमको समिति सम्झनु पर्छ।

(ख) "**अनुमति प्रदान गर्ने निकाय**" भन्नाले दफा ३ मा उल्लिखित अनुमति प्रदान गर्ने निकाय सम्झनु पर्छ।

(ग) "**मन्त्रालय**" भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ।

(घ) "**प्रादेशिक स्वास्थ्य संरचना**" भन्नाले प्रदेशमा रहने स्वास्थ्य क्षेत्र हर्ने मन्त्रालय वा विभाग सम्झनु पर्छ।

(ङ) "**अस्पताल**" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापित सरकारी अस्पताल, निजी अस्पताल, नर्सिङ्ग होम, सामुदायिक अस्पताल, गैरसरकारी अस्पताल वा सहकारी अस्पताल सम्झनु पर्छ।

(च) "**आयुर्वेद अस्पताल**" भन्नाले आयुर्वेद चिकित्सा पद्धतिमा आधारित भई स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शब्दले आयुर्वेद चिकित्सा पद्धतिबाट उपचार गर्ने गरी सञ्चालन गरिएका नर्सिङ होम, पोली क्लिनिक, पञ्चकर्म अस्पताल समेतलाई जनाउछ।

(छ) "**गैरसरकारी अस्पताल**" भन्नाले मुनाफा रहित उद्देश्यले स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि प्रचलित कानून बमोजिम दर्ता भै अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ।

(ज) "**डाइग्नोस्टीक सेन्टर**" भन्नाले निदानात्मक सेवाहरु जस्तैः प्रयोगशाला सेवा, रेडियो इमेजिङ जस्ता सेवाहरु प्रदान गर्न कानून बमाजिम दर्ता भई स्वास्थ्य सेवा सञ्चालन गर्ने संस्थालाई सम्झनु पर्छ।

(झ) "**निजी अस्पताल वा नर्सिङ्गहोम**" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कम्पनी कानून बमोजिम स्थापना भइ अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त निजी अस्पताल वा नर्सिङ्गहोम सम्झनु पर्छ।

(ञ) "**पोली क्लिनिक**" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भइ एक संस्थाबाट कम्तिमा पाँच वटा सेवा जस्तैः बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो इमेजिङ्ग, फिजियोथेरापी, परिवार नियोजन, खोप सेवा आदि जस्ता बहुसेवा उपलब्ध गराउने संस्थालाई सम्झनु पर्छ।

(ट) "**कन्सल्टेन्ट**" भन्नाले सम्बन्धित बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि डिग्री वा डिप्लोमा प्राप्त गरेका वा तोकिए बमोजिमका विशेषज्ञ तालीम प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएका विशेषज्ञ चिकित्सक सम्झनु पर्छ।

(ठ) "**सरकारी अस्पताल**" भन्नाले नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व रहने गरी सार्वजनिक हितका लागि स्थापना भएका वा हुने स्वास्थ्य सेवा प्रदायक अस्पताल सम्झनु पर्छ।

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनका लागि "आंशिक स्वामित्व" भन्नाले नेपाल सरकारको कम्तीमा एकाउन्न प्रतिशत लगानीलाई सम्झनु पर्छ।

(ड) "**सहकारी अस्पताल**" भन्नाले सहकारीका सिद्धान्त बमोजिम सदस्य समेतलाई स्वास्थ्य सेवा दिने उद्देश्यले सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायवाट स्वास्थ्य सेवा सञ्चालन गर्ने अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ।

(ढ) "**सामुदायिक अस्पताल**" भन्नाले सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भइ सामुदायिक लगानी र व्यवस्थापनमा सञ्चालन हुने गरी मुनाफा रहित उद्देश्य लिइ अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ ।

(ण) "**स्वास्थ्य क्लिनिक**" भन्नाले कुनै पनि व्यक्तिलाई स्वास्थ्य सम्बन्धी जाच गर्ने, उपचार सम्बन्धी आवश्यक परामर्श, एक स्थानबाट पाँचवटा भन्दा कम सेवा जस्तैः बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो इमेजिङ्ग, फिजियोथेरापी, खोप सेवा, परिवार नियोजन जस्ता सेवा उपलब्ध गराउनका लागि प्रचलित कानून बमाजिम दर्ता भएका संस्थालाई सम्झनु पर्छ र सो शब्दले निजी क्लिनिक, आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा समेतलाई जनाउदछ ।

(त) "**स्वास्थ्य संस्था**" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल, पोली क्लिनिक, स्वास्थ्य क्लिनिक, प्रयोगशाला जस्ता सेवाहरु सञ्चालन गर्ने संस्था सम्झनुपर्छ र सो शब्दले आयुर्वेद अस्पताल समेतलाई जनाउछ ।

(थ) "**पोषण केन्द्र**" (Dietix Center) भन्नाले पोषण सम्बन्धी स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनको लागि यसै कार्यविधि वा प्रचलित कानुन बमोजिम दर्ता तथा अनुमति प्राप्त संस्था सम्झनुफर्छ ।

(द) "**घरैमा दिईने स्वास्थ्य सेवा**" (Home Base Care) भन्नाले बिरामीहरुका लागि निजहरुको घरमा नै गई आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने प्रयोजनको लागि यसै कार्यविधि वा प्रचलित कानून बमोजिम दर्ता तथा अनुमति प्राप्त सस्था सम्झनुपर्छ ।

(ध) "**हस्पिस तथा प्यालिएटिभ सेवा**" (Hospice and palliative Care) भन्नाले उपचारबाट निको नहुने रोग लागि मृत्युको मुखमा पुगेका व्यक्तिहरुलाई स्वास्थ्य सेवा उपलब्ध गराउने प्रयोजनको लागि यसै कार्यविधि वा प्रचलित कानून बमोजिम दर्ता तथा अनुमति प्राप्त संस्था सम्झनुपर्छ ।

(न) "**संस्था दर्ता गर्ने निकाय**"भन्नाले यस कार्यविधि बमोजिम स्वास्थ्य सेवा सञ्चालन अनुमति लिनुपूर्व प्रचलित कानुन बमोजिम स्वास्थ्य संस्था दर्ता गर्ने निकाय सम्झनु पर्छ ।

(प) "**भवन संहिता**" नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय भवन संहिता सम्झनु पर्छ ।

(फ) "**भवन निर्माण मापदण्ड**" भन्नाले नेपाल सरकारले स्वीकृत भवन निर्माण सम्बन्धी मापदण्डमा उल्लेखित मापदण्ड सम्झनु पर्छ र सो शब्दले स्वास्थ्य सम्बन्धी भवनका लागि छुट्टै मापदण्ड नभएका स्थानका हकमा अनुसूची–२ मा उल्लेखित भवन निर्माण मापदण्ड समेतलाई जनाउछ ।

(ब) "**होमियोप्याथिक**" भन्नाले होमियोप्याथिक चिकित्सा पद्धतिमा आधारित भई स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्झनु पर्छ ।

## परिच्छेद २

## स्वास्थ्य सेवा सञ्चालन अनुमति प्रक्रिया

**३.शुक्लाफाँटा नगरपालिकाले तपशिलका स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति/इजाजतपत्र तथा नविकरण गर्नसक्नेछः**

(१) १५ शैया सम्मको अस्पताल

(२) स्वास्थ्य क्लिनिक,आयुर्वेद क्लिनिक,सोवारिग्पा(आम्ची) क्लिनिक, होमियोप्याथी क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिकहरु

(३) फिजियोथेरापी केन्द्र, पुर्नस्थापना केन्द्र (मनोसामाजिक), प्राकृतिक उपचार केन्द्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योग ध्यान तथा शारीरीक व्यायाम केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिक तथा सेवा केन्द्रहरु,

(४) जेरियाट्रिक परामर्श केन्द्र/ज्येष्ट नागरिक सेवा केन्द्र, असहाय सेवा केन्द्र

(५) "डि" र "ई" वर्गको प्रयोगशाला

**४. पूर्वाधार निर्माण मनसाय पत्रका लागि निवेदन दिनु पर्नेः**

(१) यस कार्यविधि बमोजिम स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवा विस्तार वा स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य सस्थांले आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनका लागि अनुसची–३ बमोजिमको ढाचामा मनसाय पत्रका लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा शुक्लाफाँटा नगरपालिकाले निवेदन प्राप्त भएको पन्ध्र दिनभित्र देहायका विवरणहरु परीक्षण गर्ने प्रयोजनका लागि अनुगमन समिति खटाउन सक्नेछः–

(क) प्रस्तावित स्वास्थ्य संस्थाका व्यावसायिक कार्य योजना,

(ख) प्रस्तावित स्वास्थ्य संस्था रहने स्थानको उपयुक्तता र जग्गाको पर्याप्तता,

(ग) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

(घ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुऱ्याउने क्षेत्र, सो क्षेत्रको जनसंख्या/जनघनत्व,

(ङ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुऱ्याउने क्षेत्रमा अन्य अस्पतालहरुको अवस्थिति र प्रस्तावित अस्पतालले पुऱ्याउने थप योगदान,

(३) अनुगमन समितिले उपदफा (२) मा उल्लेखित विषयहरुको विश्लेषण गरी स्पष्ट राय सहितको प्रतिवेदन तीस दिन भित्र शुक्लाफाँटा नगरपालिका समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनका आधारमा पूर्वाधार निर्माणका लागि अनुमति दिनु उपयुक्त हुने देखिएमा प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र दिन भित्र शुक्लाफाँटा नगरपालिकाले बढीमा तीन वर्षसम्मको समयावधि दिइ पूर्वाधार निर्माणका लागि निवेदकलाई मनसाय पत्र (Letter of Intent) प्रदान गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र मनासिव कारण परी पूर्वाधार निर्माण गर्न नसकेको भनी समयावधि थपका लागि सम्बन्धित अस्पताल वा स्वास्थ्य संस्थाले अनुरोध गरेमा शुक्लाफाँटा नगरपालिकाले त्यस्ता अस्पताललाई बढीमा दुई वर्षमा नबढ्ने गरी पूर्वाधार निर्माणका लागि समयावधि थप गर्न सक्नेछ।

(६) घर/कोठा बहालमा लिई स्वास्थ्य संस्था सञ्चालन गर्ने भएमा घरबहाल सम्झौतापत्र र भवन स्वास्थ्य संस्था सञ्चालन गर्न राष्ट्रिय भवन संहिता बमोजिम उपयुक्त छ भन्ने सम्वन्धि सिफारिस पत्र पेश गर्नु पर्नेछ।

**५. सञ्चालन अनुमति/इजाजतपत्र दिनेः**

(१) दफा ४ बमोजिम पूर्वाधार निर्माण कार्य सम्पन्न भएपछि सो पूर्वाधार तयार भएको व्यहोरा सहित सम्बन्धित स्वास्थ्य संस्थाले सेवा सञ्चालन गर्न आवश्यक कागजातहरु संलग्न गरी अनुसूची ४ बमोजिमको ढाचामा

शुक्लाफाँटा नगरपालिका समक्ष निवेदन दिन सक्नेछ । तर स्वास्थ्य क्लिनिक, रेडियो इमेजिङ सेवा तथा पोलिक्लिनिक स्थापना तथा सञ्चालन अनुमतिका लागि अनुसूची ५ बमोजिमको ढाचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा शुक्लाफाँटा नगरपालिकाले निवेदन प्राप्त गरेको मितिले सात दिन भित्र अनुगमन समिति खटाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम खटिएका अनुगमन समितिले पन्ध्र दिनभित्र स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्न उपयुक्त भए नभएको राय सहितको प्रतिवेदन शुक्लाफाँटा नगरपालिकाको कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(४) शुक्लाफाँटा नगरपालिका कार्यपालिकाबाट स्वीकृत उपदफा (३) बमोजिम अनुगमन समितिको प्रतिवेदनका आधार र यस कार्यविधिमा उल्लेखित अन्य मापदण्ड पुरा गरेका स्वास्थ्य संस्थालाई शुक्लाफाँटा नगरपालिकाले अनुसूची –६ बमोजिमको ढाचामा स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति/इजाजतपत्र दिन सक्नेछ । अनुमति/इजाजतपत्र प्राप्त स्वास्थ्य संस्थाले अधिकतम तीन वर्षमा नविकरण गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम स्वास्थ्य संस्थालाई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिने नदिनेसम्बन्धमा उपदफा (३) बमोजिम अनुगमन समितिको प्रतिवेदन प्राप्त भएका मितिले सात दिनभित्र निर्णय गरी सक्नु पर्नेछ र सोको जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

(६) यो कार्यविधि प्रारम्भ हुदाका बखत संस्था दर्ता गर्ने निकायमा दर्ता भएका तर दफा (५) बमोजिम अनुमतिका लागि निवेदन नदिई सञ्चालन गरिरहेका स्वास्थ्य संस्थाले अनुसूची—७ मा उल्लेख भए बमोजिमको दस्तुर लिई एक पटकका लागि कार्यविधि बमोजिमको प्रकृया पूरा गरी सञ्चालन अनुमति दिन सकिनेछ ।

**६. थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनु पर्ने:** स्वास्थ्य संस्थाले आफूले सेवा सञ्चालन गर्न अनुमति पाएका सेवाको अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहेमा शुक्लाफाँटा नगरपालिकाबाट यस कार्यविधि बमोजिमको प्रकृया पुरा गरी अनुमति प्राप्त गर्नु पर्नेछ ।

**७. अनुमति दस्तुर बुझाउनु पर्ने:** स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न अनुमति प्राप्त भएमा सम्बन्धित स्वास्थ्य सस्थांले अनुसूची ७ मा उल्लेख भए बमोजिमको अनुमति दस्तुर शुक्लाफाँटा नगरपालिकालाई बुझाउनु पर्नेछ ।

**८. नवीकरण गराउनु पर्ने:**

(१) यस कार्यविधि बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाले सेवा सञ्चालन अनुमतिको अवधि समाप्त हुने मिति भित्र शुक्लाफाँटा नगरपालिका समक्ष अनुसूची –८ बमोजिम नवीकरणका लागि निवेदन दिनु पर्नेछ । शुक्लाफाँटा नगरपालिकाले अनुमतिको अवधि समाप्त भएको मितिले तीन महिनाभित्र आवश्यक जाचबुझ गरि नवीकरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा शुक्लाफाँटा नगरपालिकाले अनुसूची ७ मा उल्लेख भए बमाजिमको दस्तुर लिई एक वर्षका लागि स्वास्थ्य संस्थालाई सेवा सञ्चालन अनुमतिको नवीकरण गरिदिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको अवधिभित्र मनासिब कारण परी निवेदन पेश गर्न नसकेको भनी कारण खुलाई थप तीन महिना भित्र निवेदन पेश गरेमा दोब्बर नवीकरण दस्तुर लिई शुक्लाफाँटा नगरपालिकाले सेवा सञ्चालन अनुमति नवीकरण गरिदिन सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमाजिमको अवधिभित्र नवीकरणका लागि निवेदन पेश नगर्ने स्वास्थ्य संस्थाको सेवा सञ्चालन अनुमति/इजाजतपत्र स्वतः खारेज हुनेछ ।

**९. गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्थाः**

(१) स्वास्थ्य संस्थाले आफूले प्रदान गरेका सेवाहरुको यस कार्यविधिमा उल्लेखित मापदण्ड बमाजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक बर्ष परीक्षण (स्वः मल्याङ्कन) गराइ सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र शुक्लाफाँटा नगरपालिका समक्ष अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सो प्रतिवेदन पेश गर्न शुक्लाफाँटा नगरपालिकाले निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि शुक्लाफाँटा नगरपालिका, प्रादेशिक स्वास्थ्य संरचना र मन्त्रालयले आवश्यकता अनुसार जोखिम, भौगालिक अवस्थिति, बिरामीको चाप, शल्यक्रियाको संख्या, वित्तीय लगानीको आधारमा नमुना छनौट गरी स्वास्थ्य संस्थाले प्रदान गरेका सेवाको गुणस्तर तथा यस कार्यविधिको मापदण्ड पुरा गरे नगरेको सम्बन्धमा निरीक्षण तथा अनुगमन गर्न वा गराउन सक्नेछ ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रादेशिक स्वास्थ्य संरचना तथा मन्त्रालयले जुनसुकै निकायबाट सेवा सञ्चालन अनुमति प्राप्त गरेको अस्पताल वा स्वास्थ्य संस्था र अनुमति प्रदान गर्ने निकायको समेत अनुगमन गर्न सक्नेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम नियमित वा आकस्मिक अनुगमन गर्दा ताकिएको गुणस्तर वा पूर्वाधार पुरा नगरी सेवा सञ्चालन गरेको पाईएमा त्यस्ता संस्थालाई तत्काल सुधारका लागि बढीमा तीन महिनाको म्याद दिई सुधारको मौका दिन सकिनेछ ।

(६) यस दफा बमोजिम निरीक्षण तथा अनुगमनका क्रममा दिएका निर्देशन पालना नगर्ने, यस कार्यविधि बमोजिमको गुणस्तर तथा पूर्वाधार मापदण्ड पुरा नगर्ने वा गुणस्तर परीक्षणको वार्षिक प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सम्बन्धित शुक्लाफाँटा नगरपालिकाले त्यस्ता स्वास्थ्य संस्थाले प्रदान गरि आएका सेवा पूर्ण वा आंशिक रुपमा तत्काल बन्द गर्न आदेश दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम स्वास्थ्य संस्थालाई कारबाही गर्नु पूर्व सम्बन्धित स्वास्थ्य संस्थालाई मनासिब माफिकको सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

(८) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अन्य प्रचलित कानून बमोजिम गरिने अनुगमनलाई यो व्यवस्थाले सीमित गर्ने छैन ।

(९) स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति लिन प्रक्रिया प्रारम्भ नगरेका स्वास्थ्य संस्थामा कुनै पनि चिकत्सक, नर्स, वा स्वास्थ्यकर्मीले क्लिनिकल प्राक्टिस गर्न पाउने छैन । कुनै चिकित्सक, नर्स वा स्वास्थ्यकर्मीले त्यस्तो संस्थामा क्लिनिकल प्राक्टिस गरेमा निजलाई कारवाहीका लागि सम्बन्धित परिषद्मा लेखी पठाईनेछ ।

**१०. निवेदन दिन सक्नेः**

(१) दफा १० को उपदफा (७) बमोजिम दिएको आदेश वा अनुगमन समितिले यस कार्यविधि बमोजिम पेश गरेको अनुगमन प्रतिवेदन उपर चित्त नबुझ्ने स्वास्थ्य संस्थाले त्यस्तो प्रतिवेदन पेश भएको मितिले १५ दिनभित्र चित्त

नबझ्नुको स्पष्ट आधार र कारण सहित पुनरावलोकनका लागि माथिल्लो निकाय समक्ष निवेदन दिन सक्नेछ। सो निकायको निर्णय अन्तिम हुनेछ।

११. स्वास्थ्य संस्था गाभिई सेवा सञ्चालन गर्न सक्नेः स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी तथा सुविधायुक्त बनाउन सञ्चालनमा रहेका एक भन्दा वढी स्वास्थ्य संस्थाहरु एक आपसमा गाभिई सेवा सञ्चालन गर्न चाहेमा सेवा सञ्चालन गर्न शुक्लाफाँटा नगरपालिका समक्ष त्यस्तो स्वास्थ्य संस्थाहरुले संयुक्त रुपमा निवेदन दिन सक्नेछन।

**१२. अनुमति खारेजी तथा कारवाही सम्बन्धि ब्यवस्थाः**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि शुक्लाफाँटा नगरपालिकाले स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति लिन वा अनुमति नवीकरण गर्नका लागि एक पटकका लागि निश्चित समय अवधि दिई सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी अनुमति नलिने स्वास्थ्य संस्थाको र दफा ९बमोजिमको अवधिभित्र अनुमति नवीकरण नगर्ने स्वास्थ्य संस्थाको अनुमति स्वतः खारेज हुनेछ।

## परिच्छेद ३
## स्वास्थ्य सेवा सञ्चालन तथा गुणस्तर सम्बन्धी व्यवस्था

**१३. स्वास्थ्य सेवा सञ्चालनः**

(१) यस कार्यविधि बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य सेवा सञ्चालन गर्नु हुदैन।

(२) कसैले यस कार्यविधि बमोजिम अनुमति नलिई स्वास्थ्य सेवा सञ्चालन गरेको पाइएमा सो कार्य रोक्न तथा त्यस्तो स्वास्थ्य संस्थालाई आवश्यक कानूनी कारवाहीका लागि सोझै गृह मन्त्रालयमा वा जिल्ला प्रशासन कार्यालय मार्फत लेखी पठाउनेछ र त्यस्तो संस्थाको सञ्चालकलाई भविष्यमा स्वास्थ्य संस्था सञ्चालन अनुमति प्रदान नगर्ने गरी अभिलेख समेत राखिनेछ।

(३) स्वास्थ्य संस्थाले आफ्नो उद्देश्य र क्षमता अनुसार शुक्लाफाँटा नगरपालिका बाट अनुमति लिई देहायका सेवाको समुचित व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गर्न सक्नेछः–

(क) आकस्मिक सेवा,

(ख) बहिरङ्ग सेवा,

(ग) अन्तरङ्ग सेवा,

(घ) निदानात्मक सेवा (प्रयोगशाला, रेडियो इमेजिङ आदि),

(ङ) शल्यक्रिया सेवा,

(च) सघन उपचार सेवा,

(छ) प्रबर्द्धनात्मक तथा प्रतिरोधात्मक सेवा,

(ज) विशेषज्ञ सेवा,

(झ) फार्मेसी सेवा,

(ञ) रक्त सञ्चार सेवा,

(ट) फिजियोथेरापी सेवा,

(ठ) शवगृह व्यवस्था,

(ड) अस्पताल व्यवस्थापन,

(ढ) वातावरण व्यवस्थापन,

(ण) स्वास्थ्य संस्थाबाट निष्काशित फोहरमैला व्यवस्थापन।

**१४. गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्डः**

(१) स्वास्थ्य संस्थाले दफा ३ बमोजिमको स्वास्थ्य सेवा सञ्चालन गर्दा देहायका गुणस्तरको सुनिश्चितता गर्नुका साथै देहायमा उल्लेखित मापदण्डहरुको समेत पालना गरेको हुन पर्नेछः–

(क) बहिरङ्ग विभागमा आउने बिरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधी कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ।

(ख) स्वास्थ्य संस्थामा नेपाल सरकारले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण नियन्त्रण (Infection Prevention) को व्यवस्था हुन पर्नेछ र सोको नियमित र प्रभावकारी अनुगमन गर्नु पर्नेछ।

(ग) स्वास्थ्य संस्थाले विभिन्न ईकाइबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु स्तरीय रुपमा सञ्चालन गर्न कार्य सञ्चालन निर्देशिका (Standard Operating Manual) तयार गरी लागु गर्नु पर्नेछ।

(घ) स्वास्थ्य संस्थाले बहिरङ्ग सेवा प्रदान गर्ने चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र बार खुल्ने गरी) सवैले देख्ने ठाउँमा राखिएको हुनु पर्नेछ।

(ङ) स्वास्थ्य संस्थाले उपलब्ध गराउने भनिएका विशेषज्ञ सेवा सम्बन्धित बिशेषज्ञ चिकित्सकबाट प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(च) बिरामीले आफूले सेवा लिन चाहेका चिकित्सकबाट सेवा लिन पाउने व्यवस्था सुनिश्चित गर्नु पर्नेछ।

(छ) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनु पर्नेछ।

(ज) अस्पताल परिसर तथा सेवा दिने कक्षहरु नियमित रुपमा सफा सुग्घर राखिएको हुनु पर्नेछ।

(झ) सवैले देख्ने स्थानमा उजुरी पेटिका राखिएको हुनु पर्नेछ।

(ञ) जनगुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी तोकी जनगुनासो तथा पर्न आएका उजुरी समाधान गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ। साथै समाधान हुन नसक्ने भएमा सोको कारण सम्बन्धित व्यक्तिलाई जानकारी गराउनु पर्नेछ।

(ट) बिरामीले संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रकृया तथा अवधि समेत खुलाएको बिरामी बडापत्र ( Patient Charter)स्वास्थ्य संस्थामा नेपाल सरकारले तोकेको अनुसूची–९ को ढाचामा तयार गरी सबैले देखिने गरी राख्नु पर्नेछ र सोही अनुरुप सेवाको सुनिश्चितता गर्नु पर्नेछ।

(ठ) स्वास्थ्य संस्थामा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी उपलब्ध गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनु पर्नेछ ।

(ड) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाका लागि विभिन्न सरुवा रोग विरुद्धका खोप तथा व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनु पर्नेछ ।

(ढ) हरेक स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको सेवा शर्त सम्बन्धी विनियम बनाएको हुनु पर्नेछ।

(ण) स्वास्थ्य संस्थाले नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल/मापदण्ड/निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनु पर्नेछ ।

(त) अस्पतालले चाबीसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिएको हुनु पर्नेछ ।

(थ) अस्पतालमा रहेका आकस्मिक शैया क्षमताका आधारमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको व्यवस्था गरेको हुनु पर्नेछ र सोको विवरण अनुसुची १० बमोजिमको ढाचामा सबैले देख्ने ठाउमा राख्नु पर्नेछ ।

(द) आकस्मिक विभागवाट बिरामी भर्ना गर्ने, रिफर गर्ने, बिरामीको रेफरल प्रकृया र बिरामी सार्ने पद्धति स्पष्ट परिभाषित भएको हुनुपर्नेछ र सोको व्यहोरा अनुसूची–१० बमोजिमको ढाचामा सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ ।

(ध) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको दश प्रतिशत शैया छुट्याई निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(न) खण्ड (ध) बमोजिम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखी सोको प्रतिवेदन शुक्लाफाँटा नगरपालिकाको कार्यालयमा मासिक रुपमा पठाउनु पर्नेछ ।

(प) अस्पतालहरुमा ज्येष्ठ नागरिकहरुलाई विशेष किसिमका सुविधाको व्यवस्था हुनुपर्ने र आवश्यक मात्रामा शैया छुट्याउनु पर्नेछ ।

(फ) स्वास्थ्य संस्था सञ्चालन गरिने भवन र अन्य पूर्वाधार भवन संहिता र सम्बन्धित क्षेत्रको भवन निर्माण सम्बन्धी मापदण्ड अनुरुप हुनु पर्नेछ ।

(ब) अस्पतालले विपद व्यवस्थापनको कार्ययोजना बनाएको हुनु पर्नेछ । सो कार्यका लागि सम्पर्क व्यक्ति तोकी सोको जानकारी नगर कार्यपालिकाको कार्यालय र जिल्ला समन्वय समितिमा दिनु पर्नेछ ।

(भ) अस्पतालले सूचना अधिकारी तोक्नु पर्नेछ ।

## परिच्छेद ४

## अस्पताल सम्बन्धी मापदण्डहरू

**१५. अस्पताल सम्बन्धी मापदण्डहरुको विस्तृत विवरणः** स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका, २०७० (संशोधन सहित) बमोजिम हुनेछ ।

## परिच्छेद ५

## मानव संशाधन व्यवस्थापन

**१६. जनशक्ति सम्बन्धी विस्तृत विवरण:**जनशक्ति सम्बन्धी विस्तृत विवरणस्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका,२०७० (संशोधन सहित)बमोजिम हुनेछ।

## परिच्छेद ६

## औजार तथा उपकरणहरु

१७. औजार तथा उपकरणहरुसम्बन्धी विस्तृत विवरण स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका,२०७० (संशोधन सहित)बमोजिम हुनेछ।

## परिच्छेद७

## सेवा सम्बन्धी व्यवस्था

**१८. विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालका पूर्वाधार तथा मापदण्डहरू:** विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालको पूर्वाधार तथा मापदण्डहरू सम्बन्धी विस्तृत विवरण स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका,२०७० (संशोधन सहित)बमोजिम हुनेछ।

**१९. स्वास्थ्य क्लिनिक/पोली क्लिनिक सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरु:** (१) स्वास्थ्य क्लिनिक/पोली क्लिनिकमा स्वास्थ्य जाच गर्न चिकित्सक कुनै पनि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा पनि MBBS सो सरहको चिकित्सा सम्बन्धी उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ।

(२) परामर्श सेवा दिने व्यक्ति स्वास्थ्य विज्ञानमा प्रमाणपत्र तह उत्तीर्ण गरी परामर्श सेवा तालीम प्राप्त हुनुपर्नेछ।

(३) पोली क्लिनिकमा रेडियोलोजी इर्मजेन्सी सेवा, प्रयोगशाला तथा औषधी उपचार सेवा सञ्चालन गर्नु परेमा छुट्टाछुट्टै सेवा सम्बन्धी निर्धारित पूर्वाधार पुरा गर्नु पर्नेछ।

(४) स्वास्थ्य क्लिनिक/पोली क्लिनिकमा स्वास्थ्य सेवा संचालनका लागि देहाय बमोजिमका आवश्यक न्यूनतम भौतिक सुविधाहरु हुनुपर्नेछः–

| | | |
|---|---|---|
| (क) | बिरामीको जाच गर्न Ventilated वा AC कोठा सेवा अनुसारको छुट्टाछुट्टै (कम्तीमा १४ वर्ग मिटरका) | १ |
| (ख) | बिरामी बस्ने ठाउ (कुर्ने ठाउ) | १ |
| (ग) | बिरामी जाच्ने टेबुल | १ |
| (घ) | चिकित्सकका लागि टेबुल | १ |
| (ङ) | चिकित्सकका लागि कुर्सी | १ |
| (च) | बिरामी बस्ने टुल | १ |

| | | |
|---|---|---|
| (छ) | शौचालयको व्यवस्था (अपाङ्ग मैत्री सहित) | २ |
| (ज) | टेलिफोन, इन्टरनेट र web page | |
| (झ) | स्वास्थ्य शिक्षा सम्बन्धी सूचनामूलक पोष्टर तथा अन्य सामग्री | |
| (ञ) | स्वच्छ पानीको आपूर्ति | |
| (ट) | निरन्तर विधुत आपूर्ति | |

(५) सेवा र विषय अनुसारका आवश्यक औजार तथा उपकरणहरुको व्यवस्था गर्नु पर्नेछ।

(६) बिरामीको सम्पूर्ण विवरण राख्नको लागि कम्प्यूटर वा रजिष्टर गर्नु पर्नेछ।

(७) क्लिनिकमा प्रयोग हुने सम्पूर्ण औजारहरुको अनिवार्य निर्मलीकरणको व्यवस्था गर्नु पर्नेछ।

(८) क्लिनिकमा काम गर्ने सम्पुर्ण कर्मचारीको योग्यताको प्रमाणप्रत्रको प्रमाणित प्रतिलिपी साथै प्रविधिक कर्मचारीहरुको सम्बन्धित परिषद दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी राख्नु पर्नेछ।

(९) सेवा शुल्क र आयकर प्रमाणपत्र सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ।

(१०) नगरपालिकाबाट तोकिएको एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको ढाँचा अनुसार नियमित रुपमा मासिक प्रतिवेदन पालिकाको कार्यालयमा पठाउनु पर्नेछ।

**२०. रेडियोलोजी वा डाईग्नोष्टिक एण्ड इमेजिङ सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा शर्तहरुः**
रेडियोलोजी वा डाईग्नोष्टिक एण्ड इमेजिङ सेवासञ्चालन सम्वन्धि मापदण्ड नेपाल सरकारले जारी गरेको मापदण्ड वा तोकिए बमोजिम हुनेछ।

**२१. प्रयोगशाला सेवा**ःप्रयोगशाला सेवा सञ्चालन सम्वन्धि मापदण्ड नेपाल सरकारले जारी गरेको मापदण्ड वा तोकिए बमोजिम हुनेछ।

**२२. प्रयोगशाला सञ्चालन सम्बन्धी न्यूनतम मापदण्डः**देहायमा उल्लेख भए बमोजिम सरकारी स्तरमा सञ्चालित प्रयोगशालाहरुको स्तर अनुसारको मापदण्ड निजी क्षेत्रमा सञ्चालित प्रयोगशालाहरुको न्यूनतम मापदण्ड हुनेछः–

(क) प्रयोगशालामा कार्यरत जनशक्ति अनुसार देहायमा लेखिए बमोजिमका परीक्षणहरु मात्र गर्न पाइनेछ।

(ख) आकस्मिक सेवा प्रदान गर्ने हरेक अस्पतालमा शैया अनुसारको आवश्यक पर्ने आकस्मिक परीक्षणहरु गर्नु पर्नेछ। आइ.सी.यु. सेवा प्रदान गर्ने अस्पतालहरुमा Blood Gas Analyzer हुनु पर्नेछ।

(ग) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला वा अन्य सम्बद्ध निकायबाट सञ्चालन हुने गुणस्तर नियन्त्रण सम्बन्धी कार्यक्रममा अनिवार्य रुपमा भाग लिनु पर्नेछ।

(घ) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट पठाईने गुणस्तर सम्बन्धी परीक्षण निर्देशन बमोजिम अनिवार्य रुपमा गर्नु पर्नेछ।

(ङ) प्रत्येक कोठामा पर्याप्त प्रकाश र भेन्टीलेशनको व्यवस्था हुनु पर्नेछ।

(च) बिजुली र पानीको राम्रो व्यवस्था हुनु पर्नेछ।

(छ) प्रयोगशालाले फोहर व्यवस्थापन नेपाल सरकारले तोकको मापदण्ड अनुसार गरेको हुनु पर्नेछ।

(ज) प्रयोगशालामा रगत तान्ने कोठा, सफा गर्ने कोठा, आकस्मिक कोठा, नमुना परिक्षण गर्ने कोठा र शौचालयको अनिवार्य व्यवस्था हुनु पर्नेछ।

(झ) प्रयोगशालामा आवश्यक पर्ने टेवुल, कुर्सी लगायतका आवश्यक फर्निचरहरु पर्याप्त मात्रामा हुनु पर्नेछ।

(ञ) प्रयोगशालामा बिशेषज्ञ सेवा प्रदान गर्दा आफुले जुन उपाधी प्राप्त गरेको छ सोही अनुसारमात्र सेवा सञ्चालन गर्नु पर्नेछ।

(ट) प्रयोगशालाको रिपोर्ट प्रमाणित गर्नेको नाम, शैक्षिक योग्यता एवम् परिषदको दर्ता नंम्वर उल्लेखित स्टयाम्प वा प्रिन्टको प्रयोग उल्लेख गरेको हुनु पर्नेछ।

## परिच्छेद ८

## आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी स्वास्थ्य संस्थाहरुको मापदण्ड

**२३. आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी स्वास्थ्य संस्थाहरुको मापदण्डः** (१) आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रणाली अन्तर्गत निजी स्तरमा स्वास्थ्य संस्थाको स्थापना, सञ्चालन तथा स्तरोन्नति गर्दा देहायका मापदण्डहरुको पालना गर्नुपर्नेछः–

(क) आयुर्वेद स्वास्थ्य सेवाः

(१) आयुर्वेद चिकित्सा प्रणाली अन्तर्गत स्वास्थ्य सेवा प्रदान गर्दा वा चिकित्सा व्यवसाय गर्दा सम्बन्धित बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा स्नातकोत्तर उपाधि हासिल गरी नेपाल आयुर्वेद चिकित्सा परिषदमा दर्ता भएको हुनु पर्नेछ।

(२) पञ्चकर्म सेवा केन्द्रमा सम्बन्धित बिषयमा कम्तिमा बि.ए.एम.एस. वा सो सरह उपाधि प्राप्त व्यक्तिबाट वमन, विरेचन, शिरोविरेचन, आस्थापन, अनवासन वस्ति र रक्तमोक्षण प्रयोग गर्नुपर्ने र उत्तरवस्तिका लागि सम्बन्धित विशेषज्ञबाट गर्नु पर्नेछ।

(३) आयुर्वेद अस्पतालमा काम गर्ने कर्मचारीलाई संक्रमण सुरक्षा सम्बन्धी आवश्यक तालिम दिनु पर्नेछ।

(४) आयुर्वेद अस्पतालले जनशक्ति, भौतिक पूर्वाधार, औजार–उपकरण र सेवाको गुणस्तरीयतामा मात्र संस्था विस्तार गर्न स्वीकृतिका लागि माग गर्न र उपयुक्त ठहर भएमा शाखा विस्तारको स्वीकृति दिन सकिने छ।

(५) बिरामीको उपचारका सिलसिलामा आवश्यकता अनुसार विशेषज्ञ चिकित्सक समक्ष वा उपयुक्त स्थानमा प्रेषण (रिफर) गर्नु पर्नेछ।

(६) रोग निदानार्थ आवश्यक पर्ने इ.सि.जी., इ.इ.जी, प्याथोलोजी, रेडियोलोजी तथा अन्य आवश्यक सेवाहरु संचालन गर्नु परेमा सम्बन्धित बिषयका जनशक्ति र सो सम्बन्धी भौतिक पूर्वाधार, औजार, उपकरण, नीति नियमको पालना गर्नु पर्नेछ।

(७) इन्टिग्रेटेड क्लिनिक, नर्सिङ्ग होम वा अस्पताल भनी स्वीकृतिका लागि माग भएमा कुन कुन बिषय र सेवा दिने उद्देश्य राखिएको हो ? सो प्रष्ट उल्लेख गरि सोही बमोजिमको जनशक्ति, औजार उपकरण र भौतिक पूर्वाधारको व्यवस्था गर्नु पर्नेछ।

(८) आयुर्वेद चिकित्सा विधामा स्वास्थ्य रक्षा, रोग निवारण, औषधि द्रव्य काष्ठौषधि, रसौषधिको प्रयोग गरिने चिकित्सा सेवा, विना औषधि दिइने सेवा र आयुर्वेद स्वास्थ्य सेवामा उल्लेखित पूर्वकर्म अन्तर्गतका निराग्नी स्वेद (जल, वायु, सूर्यकिरण, पार्थिव तत्वको प्रयोग), अग्नि स्वेदन, अभ्यङ्ग (Massage),सत्वावजय चिकित्सा (योगाभ्यास, ध्यान आदि) का माध्यमबाट रोगको रोकथाम वा दीर्घजीवनका लागि सञ्चालन गरिने संस्थाहरुले आयुर्वेद स्वास्थ्यकर्मीहरु, भौतिक पूर्वाधार, आवश्यक औजार उपकरण र तोकिएको मापदण्ड पुरा गरी जुनसुकै नाममा सञ्चालन भएता पनि आधार ग्रन्थ सहित शुक्लाफाँटा नगरपालिकाबाट अनुमति लिएर मात्र सञ्चालन गर्न पाइनेछ।

(ख) आयुर्वेद चिकित्सा अन्तर्गत रहने सेवाहरुः

१. रोग उपचार (आतुर विकार प्रशमन)

(क) युक्ति व्यापाश्रय चिकित्सा

(ख) संशमन (औषधि चिकित्सा)

(ग) संशोधन (वमनादि पञ्चकर्मर् शोधन चिकित्सा)

(घ) दैव व्यापाश्रय

(ङ) सत्वावजय

(च) शस्त्र–प्रणिधान

(छ) योगाभ्यास

२. स्वास्थ्य प्रवर्द्धनात्मक, स्वास्थ्य रक्षा तथा प्रतिरोधात्मक स्वास्थ्य सेवा

(क) प्रकृति विनिश्चय र परामर्श

(ख) स्वस्थवृत्त पालन –ऋतुचर्या, दिनचर्या, रात्रिचर्या, पथ्यापथ्य, आहार विहार

(ग) रसायन

(घ) वाजीकरण

(ङ) पञ्चकर्मर

(च) योगाभ्यास

(ग) आयुर्वेद अस्पताल तथा नर्सिङ्ग होम सम्बन्धी मापदण्ड तथा पूर्वाधारः (१) आयुर्वेद चिकित्सा प्रणाली अन्तर्गत निजी स्तरमा सञ्चालन गर्ने अस्पताल एव नर्सिङ्ग होमहरुले आफ्नो क्षमता अनुसार क्रमशः एक वा एकभन्दा वढी तपसिलमा उल्लेखित विभाग/शाखाहरु सञ्चालन गर्न सक्नेछन:

आयुर्वेद चिकित्सा सेवा अन्तर्गत विभाग वा शाखाहरुः

(क) कायचिकित्सा

(ख) बालरोग चिकित्सा

(ग) प्रसूति तथा स्त्रीरोग चिकित्सा

(घ) शल्य चिकित्सा

(ङ) शालाक्य

(च) रसायन

(छ) वाजीकरण।

(२)आयुर्वेद अस्पतालले देहाय बमोजिमको भौतिक पूर्वाधारको व्यवस्था तथा मापदण्डको पालना गर्नु पर्नेछः–

| सि.नं. | बिवरण | १५ शैया सम्म |
|---|---|---|
| १ | भौतिक पुर्वाधार | |
| | (क) जग्गा मापदण्डः सडकसाग जोडिएको हुनुपर्ने (प्रति शैया ५० व.मि.)। | अनिवार्य |

| | | |
|---|---|---|
| | (ख) सवारी साधन आवत जावत तथा पार्किङ्गका लागि पर्याप्त ठाउँ हुनुपर्ने । | अनिवार्य |
| | ग) प्रवेशद्वार र निकासद्वार– गेट छुट्टाछुट्टै हुनुपर्ने | अनिवार्य |
| | (घ) सञ्चार, बिजुली, शौचालय तथा खानपानीको व्यवस्था हुनुपर्ने । | अनिवार्य |
| २ | सेवा | |
| | वहिरङ्ग | |
| | अन्तरङ्ग | |
| ३ | जनशक्ति | |
| | आयुर्वेद चिकित्सामा स्नातकोत्तर उपाधि (M.D./M.S.Ay.) | आवश्यकता अनुसार |
| | चिकित्सक (B.A.M.S.) सो सरह) | ३ जना |
| | आयुर्वेद सहायक (P.C.L.)स सो सरह) | आवश्यकता अनुसार |
| | आयुर्वेद सहायक कार्यकता (AAW) सो सरह) | २ जना |
| | पञ्चकर्म सह–सहायक | आवश्यकता अनुसार |
| | अभ्यङ्गकर्ता | आवश्यकता अनुसार |
| | B.N. (B. Sc. Nursing) | |
| | Staff Nurse | १ जना |
| | अ.न.मि. | ३ जना |
| | ल्याव टक्नोलोजिष्ट | |
| | ल्याव टेक्निसियन | स्वेच्छिक |
| | ल्याव असिस्टेण्ट | आवश्यकता अनुसार |
| ४ | Rediology/USG | |
| | रेडियालोजिष्ट | |
| | रेडियोग्राफर | आवश्यकता अनुसार |
| | सहायक रेडियोग्राफर | आवश्यकता अनुसार |
| | हेल्पर | स्वेच्छिक |
| ५ | कर्मचारी प्रशासन | |
| | प्रशासन अधिकृत | |
| | नायव सुब्बा | आवश्यकता अनसार |
| | खरिदार (लेखा) प्रशासन | १ जना |
| | कम्प्यूटर प्राविधिक खरिदार | आवश्यकता अनुसार |
| | पियन पाले | ३ जना |
| | भान्छे/टहलुवा | २ जना |

| | | |
|---|---|---|
| | माली | आवश्यकता अनुसार |
| | ड्राइभर | आवश्यकता अनुसार |
| | कुचिकार | २ जना |
| ६ | उपकरण | |
| | स्टेथेस्कोप (प्रत्येक उपचार कक्षमा) | |
| | B.P. Set (प्रत्येक उपचार कक्षमा) | |
| | Thermometer (आवश्यकता अनुसार) | |
| | Weighing Machine | २ |
| | उचाई नाप्ने साधन | १ |
| | Torch light | १ |
| | Cotton, Gauze, Bandage | आवश्यकता अनुसार |
| | Apron | आवश्यकता अनुसार |
| | X-ray view box | आवश्यकता अनुसार |
| | Gloves | आवश्यकता अनुसार |
| | Durm set | ३ |
| | Atutoclave | ३ |
| | Surgical Set | १ |
| | Sliding | १ |
| | Suture Material (different size) | ४ |
| | Needle (different size & shape) | १० |
| | Forceps | १२ |
| | Artery forceps | १२ |
| | Culting scissors | २ |
| | Cutting set | २ |
| | Blunt scissors | १ |
| | Sharp Scissors | १ |

| | | |
|---|---|---|
| | Lancet | |
| | Scalpel & kitle holder etc. | २ |
| | Dressing set | |
| | Kidney tray, small tray, large bowel | ि◌४ |
| | Dissecting forceps, Thumb forceps (toothed & untoothed) | ४ |
| | Dressing trolley, dressing materials,cotton. | २ |
| | Gauge, bandage/teucoplest/xylocain etc. | ७ |
| | Catherer set | |
| | Plain, folley's & matlicot cather | १० |
| | Diagnostic set | २ |
| | General | |
| | Tongue Spatula | २ |
| | Torch light/emergency light | २ |
| | Specific | |
| | ENT set | २ |
| | Gynecological Examination Set, D & C Set, Cucus, Sim's Speculum, emema set | १ |
| | Neonatal care set | १ |
| | Macintos sheet, Kally's pad | ५ |
| | Other | |
| | Proctoscope/Laryngoscope/Ophthalmoscope | २ |
| | Tonometer/Rhinoscope | १ |
| | Sterilizer/Autoclave drum set | १ |
| | Equipments & Materials for emergency case | २ |

| | | |
|---|---|---|
| | management | |
| | Nebulizer | १ |
| | Ryle's Tube | |
| | Gastric Lavage set | २ |
| | Bed screen | ३ |
| | Mask | २५ |
| | Cap | १० |
| | Ear syringing set | २ |
| | Wooden splint | ४ |
| | Urobag | २ |
| ७ | अन्तरङ्ग सेवा (Indoor) | |
| | वार्ड पुरुष कोठा १० X २० स्क्वायर फिट | २ |
| | महिला कोठा १० X २० स्क्वायर फिट | २ |
| | चिकित्सा कोठा १० X १० स्क्वायर फिट | १ |
| | शौचालय (पुरुष तथा महिलाका लागि छुटाछुटै) वास वेशिन तथा पानी पर्याप्त | ४ |
| | Wheel chair /स्ट्रेचर/ट्रली | १ |
| | चार्ट/लकर/फाइल केवीनेट | १५ |
| | बेड प्यान/शैया संख्याका आधारमा | हुनुपर्ने |
| | कुरुवा बस्ने टुल (शैया संख्याको आधारमा) | हुनुपर्ने |
| ८ | चिकित्सक कक्ष | १ |
| | नर्सेज डयूटी रुम १०X१५ स्क्वायर फिट | १ |
| | बिरामी ओसार्ने एम्बुलेन्स | |
| ९ | औषधी स्टोरको पुर्वाधार | |
| | भेन्टिलेशनयुक्त १०X१५ स्क्वायर फिट साइजको कोठा | १ |
| | बिरामी पुर्जा दर्ता गर्ने कक्ष | १ |
| | औषधी वनाउने टेबल कुर्सी | १ |
| | बिरामीका लागी सोधपुछ तथा सहयोग कक्ष | १ |
| | भान्साघर | आवश्यकता अनुसार |

| | | |
|---|---|---|
| १० | बहिरंग विभाग (OPD) | |
| | बिरामी दर्ता कक्ष | १ वटा |
| | बिरामी जााच्ने कोठा | १ वटा |
| | लेखा प्रशासान कक्ष | २ वटा |
| ११ | आकस्मिक सेवा सुविधा | |
| | अक्सिजन सेट | २ सेट |
| | आकस्मिक सेवामा आवश्यक अन्य उपकरण | हरेकका २ /२ सेट |
| | बिशेषज्ञ सेवाको हकमा सोहि अनुसारको जनशक्ति कक्ष र आवश्यक उपकरण हुनुपर्ने। | आवश्यकता अनुसार |
| १२ | प्रयोगशाला कोठा | २ |
| | मनोपरामर्श एवम् जीवनशैली कोठा | १ |
| १३ | योगासन, प्राणायाम, ध्यान आदिका लगि (१६X३२) | १ |
| १४ | पूर्वकर्म सेवाका लागि प्रत्येक सेवाको अलग अलग कक्ष | आवश्यकता अनुसार |
| | स्नेहन कक्ष | १ |
| | अभ्यङ्ग कक्ष | १ |
| | स्वेदन कक्ष (नाडि स्वेद लगायत १३ प्रकारका स्वेदनका लागि अलग अलग कक्ष | आवश्यकता अनुसार |
| | अभ्यङ्ग टेबुल | १ |
| | सर्वाङ्ग स्वेदन यन्त्र | आवश्यकता अनुसार |
| | नाडि स्वेदन यन्त्र लगायत विविध १३ प्रकारका स्वेदनका लागि अलग अलग आवश्यक यन्त्र | १ |
| | कटि तथा जानु स्वेदन यन्त्र | १ |
| | अवगाह स्वेदन यन्त्र | आवश्यकता अनुसार |
| | निराग्नी स्वेदका लागि कम्मल, मृदिका, प्रस्तर, जल, तेज, प्रथिव तत्व आदिको व्यवस्था | आवश्यकता अनुसार |
| | पञ्चकर्म सेवाका लागि सामाग्री | आवश्यकता अनुसार |
| | वमन टेबुल सहित वमन कक्ष | आवश्यकता अनुसार |
| | विरेचननीय आशन | १ |
| | शिरोविरेचनका लागि कक्ष तथा साधन | १ |
| | शिरोधारा टेबुल सहित सेट | १ |
| | शिरो बस्ति यन्त्र | २ |

| | | |
|---|---|---|
| १५ | पञ्चकर्म सेवा (५ वटा सेवाका लागि अलग अलग कक्ष हुनुपर्ने) | आवश्यकता अनुसार |
| १६ | पुर्नस्थापना कक्ष | आवश्यकता अनुसार |
| १७ | फुल फल सहित स्वच्छ वातावरण र औषधियुक्त हर्वेरियम समेत हुनुपर्ने। | आवश्यकता अनुसार |

(घ) आयुर्वेद स्वास्थ्य क्लिनिक/पोलिक्लिनिक सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरुः आयुर्वेद पोलिक्लिनिक सेवा सञ्चालन गर्दा एउटै व्यवस्थापन अन्तर्गत रही तीन वा सो भन्दा बढी सेवा प्रदान गर्नु पर्ने र औषधि सेवाको व्यवस्था समेत हुनु पर्नेछ। स्वास्थ्य जाच गर्ने तथा परामर्श दिने व्यक्ति कुनै पनि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा पनि (BAMS) वा सो सरहको चिकित्सा सम्बन्धी उपाधि प्राप्त गरी आयुर्वेद चिकित्सा परिषद्मा दर्ता भएको हुनुपर्नेछ।

(१) एक सेवा सञ्चालनका लागि आवश्यक न्यूनतम भौतिक सुविधाहरु निम्न अनुसारको हुनुपर्नेछः–

(क) बिरामीको जाँच गर्न भेन्टिलेटेड कोठा सेवा अनुसारको छुट्टाछुट्टै हुनुपर्नेछ।(कम्तिमा १४ X १० वर्ग फिट)

(ख) बिरामी बस्ने ठाउ (कुर्ने ठाउ)

(ग) बिरामी जाच्ने टेवुल

(घ) चिकित्सकका लागि कुर्सी

(ङ) चिकित्सकका लागि टेबुल

(च) बिरामी बस्ने कुर्सी/टुल

(छ) बिरामी कुर्न बस्ने बेन्चहरुको व्यवस्था

(ज) शौचालयको व्यवस्था

(झ) टेलिफोन (स्वेच्छिक)।

(२) आवश्यक औजार उपकरणहरु निम्न अनुसारको हुनु पर्नेछः–

(क) थर्मोमिटर –१

(ख) तौल लिने मेशिन –१

(ग) उचाइ नाप्ने मेशिन –१

(घ) टंग डिप्रेशर – १

(ङ) ब्लड प्रेशर जाँच्ने मेशिन –१

(च) स्टेथोस्कोप –१

(छ) आखा, नाक, कान जाँच्ने सेट –१

(ज) प्रोक्टोस्कोप –१

(झ) प्रोव

(ञ) सिरिन्ज

(ट) टर्च लाइट

(ठ) पञ्जा

(ड) मास्क, एप्रोन

(ढ) किडनी ट्रे

(ण) बाल्टीन।

(३) अन्य व्यवस्था (थप मापदण्ड)

(क) विशेषज्ञ सेवा र बिषय अनुसारको आवश्यक औजार उपकरणहरुको व्यवस्था हुनुपर्नेछ।

(ख) बिरामीको सम्पूर्ण बिवरण राख्नका लागि एउटा रजिष्टर हुनुपर्नेछ ।

(ग) क्लिनिकमा प्रयोग गरिने सम्पूर्ण औजारहरु अनिवार्य रुपमा निर्मलकृत गरिएको हुनुपर्नेछ ।

(घ) क्लिनिकमा काम गर्ने व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्र तथा आयुर्वेद चिकित्सा परिषद् दर्ता नं., सेवा शुल्क र आयकर प्रमाणपत्र सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।

(ङ) मासिक प्रतिवेदन नियम अनुसार सम्बन्धित निकायमा पठाउने व्यवस्था हुनुपर्नेछ ।

(ङ) आयुर्वेद पूर्वकर्म पञ्चकर्म सेवा केन्द्र सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरुः

(१) भौतिक पूर्वाधारः आयुर्वेद पञ्चकर्मर् सेवा प्रदान गर्ने केन्द्र, हेल्थ क्लव र हेल्थ रिसोर्टहरु सञ्चालनका लागि आवश्यक पर्ने अभ्यङ्ग, स्वेदन, स्नान, वमन, विरेचन, श्रिोविरेचन, वस्ति आदि उपचार कक्षहरु र सोका लागि देहायका सामग्रीहरुको व्यवस्था हुनु पर्नेछ । यसका साथै औषधि निर्माण कक्ष, प्रकृति परीक्षण, सत्वावजय चिकित्सा, योग ध्यान एवम् अन्य सहायकहरुका लागि आवश्यक कक्षहरु हुनु पर्नेछ। साथै उपयुक्त किसिमको पुस्तकालय, शौचालय आदिको व्यवस्था हुनु पर्नेछ ।

(क) अभ्यङ्ग कक्ष

(ख) स्वेदन कक्ष (ग्यास सिलिण्डर कक्ष बाहिर हुनु पर्ने)

(ग) अभ्यङ्ग टेबुल

(घ) सर्वाङ्ग स्वेदन बक्स

(ङ) नाडि स्वेदन यन्त्र

(च) वस्ति यन्त्र सेट

(छ) वमन टेबुल सहित वमन कक्ष

(ज) शौचालय संलग्न रहेको विरेचन कक्ष

(झ) विरेचन कुर्सी

(ञ) नस्य कुर्सी

(ट) श्रिोधारा टेबुल सहित सेट

(ठ) शिरो बस्ति सेट

(ड) जानु बस्ति, कटि बस्ति आदि सेट

(ढ) कटि स्वेदन टब

(ण) अवगाह स्वेदन टब

(त) संसर्जन कर्मका लागि भोजनालय

(थ) अन्य पूर्वाधार तथा आत्यायिक चिकित्सा सामाग्री

नोटः पंचकर्मको प्रधानकर्म संचालनका लागि अन्तरंग सेवा संचालन स्विकृति अनिवार्य हुने छ ।

(२) पञ्चकर्म सेवाहरुः यी सेवा केन्द्रहरु व्यवस्थित रुपमा सञ्चालित गरिनु पर्नेछ । यी केन्द्रहरुबाट दिइने सेवाहरु आयुर्वेद चिकित्सा सिद्धान्त अनुसार रसायन, वाजीकरण, स्वास्थ्य प्रवर्द्धन, प्रतिरोधात्मक, पुर्नस्थापन एवम् उपचारात्मक कर्ममा आधारित रहनु पर्नेछ । रसायन, वाजीकरण सेवा पनि दिनु पर्नेछ। पञ्चकर्मर् र सो सम्बन्धी सेवाहरु निम्नानुसार गर्नुपर्नेछः–

(क) पञ्चकर्म

(१) पूर्वकर्महरुः स्नेहन, स्वेदन, अभ्यङ्ग, पिण्डस्वेद, नाडी र पिच आदि ।

(२) संसर्जन, रसायन कर्म

(३) प्रधानकर्महरुः वमन, विरेचन, वस्ति (अनुवासन, आस्थापन, श्रिोविरेचन, रक्तमोक्षण (जलौका)।

(४) पश्चात् कर्म ।

(ख) अन्य कर्म

(१) अभ्यङ्ग, स्वेदन, २३ प्रकार स्वेद वाह्य वस्ति, नेत्र तर्पण, श्रिोधारा, श्रिो वस्ति, तेल, स्नान, लेप, कटिस्नान, पादस्नान आदि कर्महरु।

(२) सत्वावजय कर्मः सत्वावजय, योग, ध्यान, नाद चिकित्सा आदि कर्महरु।

(३) आवश्यक जनशक्तिहरुः आयुर्वेद चिकित्सा अन्तर्गत पञ्चकर्मर् र सम्बन्धित कुनै पनि कर्महरु दक्ष अनुभवी आयुर्वेद चिकित्सकहरुको मातहतमा रहेर मात्र दिइनु पर्नेछ। निम्नानुसार योग्यता भएका जनशक्तिहरुबाट उपरोक्त सेवाहरु सञ्चालन गर्नु पर्नेछः–

(क) आयुर्वेद चिकित्सकः आयुर्वेद चिकित्सा प्रणालीमा स्नातक वा स्नातकोत्तर उपाधि प्राप्त।

(ख) पञ्चकर्मर् चिकित्सा सहायकः आयुर्वेद चिकित्सा प्रणालीमा प्रमाणपत्र तह वा आयुर्वेद स्वास्थ्य सहायक तह उत्तीर्ण गरी न्यूनतम ३ महिनाको पञ्चकर्मर् तालिम प्राप्त गरेको हुनु पर्नेछ।

(ग) पञ्चकर्मर् सह–सहायकः कम्तिमा एस.एल.सी. वा सो सरह पास गरी आयुर्वेद चिकित्सकको मातहतमा रही सो सम्बन्धी आवश्यक कर्महरुको तालिम सहितको २ वर्षको अनुभव प्राप्त गरेको।

(घ) अभ्यङ्गकर्ता (महिला र पुरुष दुवै) कम्तिमा आठ कक्षा पढी २ वर्षसम्म आयुर्वेद चिकित्सकको मातहतमा वसी अभ्यङ्गकर्ताको रुपमा अनुभव प्राप्त गरेको।

(४) आयुर्वेद अभ्यङ्ग कर्म मात्र दिइने केन्द्रहरुबाट विश्रान्ती अभ्यङ्ग कर्म मात्र दिन सक्नेछन् र सो कर्मका लागि न्यूनतम सुपरिवेक्षण प्राविधिक निरीक्षण टोलीद्वारा समय समयमा गरिनेछ।

(५) पूर्वकर्म पञ्चकर्मर् चिकित्सा गर्दा प्रयोग हुने औषधि तथा अन्य द्रव्यः

(क) क्वाथ, फाण्ट, अर्क, स्वरस

(ख) अवलेह, पाक, खण्ड, क्रिंसरा

(ग) स्नेह, प्रस्तर, मृदिका, जल, तेज, धुम्र, वास्प, कम्वल, वस्त्र, पट्ट, जल आदि।

(६) पश्चात्कर्ममा प्रयोग हुने द्रव्य तथा निर्मित औषधि व्यवस्थाः –

(क) सात्विक आहार, ऋतु तथा दिनचर्या, ब्रम्हचर्या पालन

(ख) औषधि–चूर्ण, वटी, फान्ट, अवलेह

(ग) आसव, अरिष्ट

(घ) लौह, मण्डुर

(ङ) तेल, घृत

(च) रस, रसायन

(छ) लेप, मलहम

(ज) भष्म, पिष्टी।

(च) होमियोप्याथिक चिकित्सा सेवा स्थापना तथा सञ्चालन मापदण्डः

(१) होमियोप्याथिक स्वास्थ्य क्लिनिक/पोलिक्लिनिकमा स्वास्थ्य जाँच गर्ने तथा परामर्श दिने व्यक्ति कुनै पनि मान्यता प्राप्त शिक्षण सास्थाबाट कम्तिमा पनि स्नातक वा सो सरहको उपाधि प्राप्त गरेको हुनु पर्नेछ

(२) होमियोप्याथिक स्वास्थ्य क्लिनिक/पोलिक्लिनिकमा भौतिक पूर्वाधारहरु निम्नानुसार हुन पर्नेछः–

भौतिक पूर्वाधारः

(क) बिरामी जाच गर्ने उपयुक्त कोठा

(ख) बिरामी कुर्ने बेन्च र कुर्सी

(ग) बिरामी जाच गर्ने टेबुल र स्टुल

(घ) शौचालय

आवश्यक स्वास्थ्य उपकरणहरुः

(क) स्टेथेस्कोप

(ख) बि.पी. सेट

(ग) ई.एन.टी. सेट

(घ) थर्मोमिटर

(ङ) एक्सरे हेर्ने बक्स

(च) Weighing Machine

(छ) उचाई नाप्ने साधन

(ज) टर्च

(झ) गज, कटन, ब्यान्डेज

(ञ) Tongue Depresor

(ट) Proctoscope

(ठ)बाल्टीन, जग

(ड) बिरामीको विवरण राख्ने रजिष्टर

(ढ) Catheterization Set

जनशक्तिः

(क) होमियोप्याथिक चिकित्सक–१ (कम्तिमा होमियाप्याथिमा स्नातक तह वा सो सरह)

(ख) सहायक होमियोप्याथिक चिकित्सक–१ (कम्तिमा होमियोप्याथिकमा प्रमाणपत्र तह वा सो सरह)

(ग) होमियोम्याथिक सहायक–१ (मान्यता प्राप्त संस्थाबाट होमियोप्याथिमा तालिम प्राप्त गरेको)

सेवाः

(क) उपचार

(ख) परामर्श

(छ) होमियोप्याथिक इमर्जेन्सी सेवाः

(१) होमियोप्याथिकमा इमर्जेन्सी सेवा २४ सै घण्टा सीमित सेवा खुल्ला राख्न सकिनेछ।

(२) भौतिक पूर्वाधारः

- २०X१५ साईजको भेन्टिलेशन तथा शौचालययुक्त कोठा
- चिकित्सक बस्ने टेवुल र कुर्सी –१ थान
- स्टाफ नर्स बस्ने कुर्सी –१ थान
- बिरामी बस्ने कुर्सी, टुल –१ थान
- अपरेशन टेबुल –१ थान
- Hanging light (100 wt)–१ थान
- र्याक –१ थान
- हिटर –१ थान

- Sterilization set–१ थान
- शौचालयमा पर्याप्त मात्रामा पानी उपलब्ध भएको।

(३) उपकरणः

- स्टेथोस्कोप
- BP Set
- Gloves
- X-Ray view box
- Thermometer
- Weighing Machine
- उचाइ नाप्ने साधन
- Plastic Apron
- Dressing Set
- Stitching Set
- Torch
- Mask
- Cap
- Cotton, Gauze, bandage
- Stab, stand + oxygen cylinder, suction machine

(४) सेवा सम्बन्धीः

- Dressing
- Stitching
- साधारण Injury

(५) जनशक्तिः

- चिकित्सक –१ जना
- स्टाफ नर्स –१ जना
- कार्यालय सहयोगी –१ जना

(६) औषधिः

- होमियोप्याथीमा प्रयोग हुने केही इमर्जेन्सी औषधिहरु।

**(ज) निजी स्तरको होमियोप्याथिक अस्पतालको पूर्वाधारः**

| सि.नं. | विवरण | १५ शैया |
|---|---|---|
| १ | | |
| २ | सेवा | |
| | क) बहिरङ्ग सेवा | |
| | ख) अन्तरङ्ग सेवा | |
| ३ | चिकित्सक (स्नातकोत्तर तह) | स्वेच्छिक |

| | | |
|---|---|---|
| | चिकित्सक (स्नातक तह) | ४ |
| | सहायक चिकित्सक | ३ |
| | स्टाफ नर्स | स्वेच्छिक |
| | अ.न.मी. | २ |
| | ल्याब टक्नोलोजिष्ट | स्वेच्छिक |
| | प्याथोलोजिष्ट, ल्याब टेक्निसीयन | स्वेच्छिक |
| | ल्याब एसिस्टेन्ट | १ |
| | रेडियोलोजिष्ट, रडियोग्राफर | स्वेच्छिक |
| | वार्ड ब्वाइ | १ |
| | प्रशासन अधिकृत | — |
| | नायब सुब्बा | १ |
| | सहलेखापाल | १ |
| | कम्प्युटर सहायक | १ |
| | पियन/पाले | ४ |
| | भान्छे/टहलुवा | ३ |
| | माली | १ |
| | सवारी चालक | १ |
| | कुचीकार | २ |
| ४ | स्टेथेस्कोप | आवश्यकतानुसार |
| | B.P. Set | |
| | X-ray view box | |
| | Thermometer | |
| | Weighing Machine | |
| | उचाई नाप्ने साधन | |
| | Apron | |
| | Gloves | |
| | Oxygen set | |
| | Catheterization set | |
| | Torch | |
| | Cotton, gauze, Bandageर अन्य आवश्यक सामाग्रीहरु | |

| | | |
|---|---|---|
| ५ | अन्तरङ्ग सेवा | |
| | पुरुष कोठा | १७× १० |
| | महिला कोठा | १७× १० |
| | चिकित्सा कोठा | १४×१० |
| | शौचालय, वास बेशिन तथा पानी पर्याप्त | २ |
| | Wheel Chair/स्ट्रेचर/ट्रलीउचाई नाप्ने साधन | २ |
| | चार्ट/लकर/फाइल | ५ |
| | बेड प्यान (शैया संख्याका आधारमा) | ५ |
| | कुरुवा बस्ने टुल | ५ |
| | चिकित्सक आराम गर्ने बेड | १ |
| | नर्स डयुटी रुम १४ ×१० | १ |
| | बिरामी ओसार्ने एम्बुलेन्स | १ |
| | कम्प्युटर तथा प्रिन्टर | ३ |
| ६ | भेन्टिलेशनयुक्त १४×१० साईजको कोठा | १ |
| | बिरामीको पुर्जा दर्ता गर्ने टेबुल, कुर्सी | |
| | औषधि बनाउने टेबुल, कुर्सी | |
| | बिरामी पुर्जा दर्ता गर्ने रजिष्टर | |
| | बहिरङ्ग सेवाको लागि बिरामिहरुको पर्खने कोठा | २५×१४ |
| | बहिरङ्ग सेबाका लागि बिरामी जाँच्ने कोठा | १४×१० |

(झ) एक्यूप्रेसरः अनेक रोगको उपचार गर्न एक्यूप्रेशर क्लिनिक वा पोलि एक्युप्रेशर (प्राकृतिक चिकित्सा) क्लिनिक सञ्चालन गर्न निम्न लिखित न्यूनतम व्यवस्था हुनुपर्नेछः–

(१) दक्ष जनशक्तिः

(क) कुनै विश्वविद्यालयबाट सम्बन्धित बिषयमा आवश्यक योग्यता (डाक्टर उपाधि) प्राप्त गरेको व्यक्तिहरु।

(ख) कुनै पनि मान्य प्राप्त संघ संस्थाबाट आवश्यक तालिम (डाक्टर वा सो सरहको उपाधि) प्राप्त गरेका व्यक्तिहरु।

(२) अर्ध दक्ष जनशत्तिः

(क) कुनै पनि मान्यता प्राप्त संघ संस्थाबाट एक वर्ष वा सोभन्दा बढी तालिम प्राप्त व्यक्तिहरु।

(ख) दक्ष जनशत्तिको साथमा न्यूनतम तीन वर्षसम्म अनुभव प्राप्त गरेका कुरा दक्ष जनशक्तिले प्रमाणित गरेको व्यक्तिहरु।

(३) बिरामी जाँच गर्ने कोठाः

(४) एक्यूप्रेसर थेरापिष्टहरुका लागि मेच र टेबुल

(५) दक्ष एक्यूप्रेसर थेरापिष्ट (उपचारक)

(६) अर्धदक्ष एक्यूप्रेसर थेरापिष्ट (उपचारक) –१ जना

(७) कार्यालय सहायक –१ जना

(८) स्वीपर –१ जना

(९) आवश्यक उपकरणहरुः

(क) एक्यूप्रेशर जाच गर्ने मेशिन

(ख) तौल लिने मेशिन

(ग) एक्यूप्रेशर गर्ने जिमका मेशिनहरु

(घ) शक्ति सञ्चार गर्ने उपकरणहरु

(ङ) इलेक्ट्रोनिक एक्यूप्रेशर मेशिन

(च) स्पाइनल रोलर

(छ) फेसियल रोलर र अन्य व्यायामका उपकरणहरु।

(१०) संस्थागत रुपमा खोलिने क्लिनिकः

(क) नेपाल सरकारबाट स्वीकृत प्राप्त निकायको अनुमति लिएर मात्र स्वास्थ्य क्लिनिक सञ्चालन गर्नुपर्नेछ।

(ख) स्वास्थ्य क्लिनिक सञ्चालन गर्न माथि उल्लेखित व्यवस्था हुनु अनिवार्य छ।

(ग) चिकित्सक उपचारक लगायत काम गर्ने जनशक्तिले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको हुनुपर्दछ।

(११) बिरामी भर्ना गरेर पनि उपचार गर्न सकिनेछ।

(१२) बिरामी भर्ना गर्न स्वास्थ्य क्लिनिकमा निम्न लिखित थप व्यवस्था हुनुपर्दछः–

(क) बिरामी राख्ने कोठा

(ख) बिरामी सुत्ने बेड, आवश्यक ओड्ने ओछयाउने सामान

(ग) सफा र प्रदूषणमुक्त कोठा

(घ) स्नान घर

(ङ) सफा पानी

(च) सन्तुलित भोजन आदि

(छ) बिरामी सुत्ने वेड एकले अर्कोलाई नछुने गरी कम्तिमा २–३ फिटको दूरीमा राख्ने।

(ज) शौचालय।

(१३) नेपाल सरकारबाट अनुमति लिएर सञ्चालित सब एक्युप्रेशर स्वास्थ्य क्लिनिकले आयुर्वेद विभागमा वैकल्पिक चिकित्सामा संस्था दर्ता गरेको हुनु पर्नेछ।

(१४) एक्यूप्रेशर प्राकृतिक चिकित्सा बिषयमा प्रचार/प्रसार तथा अनुसन्धान मात्र गर्ने उद्देश्यले पनि संस्था खोली सञ्चालन गर्न सकिनेछ।

(क) सम्बन्धित बिषयको अनुसन्धान गर्न आवश्यक योग्यता प्राप्त गरेको जनशक्ति हुनु पर्नेछ।

(ख) प्रचार गर्दा एउटा बिषयसंग अर्को बिषय बाइने गरी तथा एकले अर्कोलाइ हानी पुऱ्याउने प्रचार गर्नु हुदैन।

(१५) एक्यूप्रेशरका लागि नेपाल सरकारको स्वीकृति प्राप्त संस्थाबाट वा वैकल्पिक चिकित्साबाट प्रमाणित गरेर मात्र यस सम्बन्धी बिक्री बितरणमा वजारमा ल्याउनु पर्नेछ। जस्तैः जोगाड, अन्य जिम आईटमका सामग्रीहरु।

(१६) समय परिस्थिति र स्थान अनुसार उपचारमा प्रयोग हुने उपकरणको विकासक्रम अनुसार परिवर्तन हुन सक्नेछ।

(ञ) एक्यूपञ्चर सेवा अस्पतालको पूर्वाधार र मापदण्डहरुः एक्यूपञ्चर सेवा सञ्चालनका लागि देहायको पूर्वाधार तथा मापदण्ड पालना गरेको हुनु पर्नेछः–

| सि.नं. | बिवरण | १५ शैया |
|---|---|---|
| १ | भौतिक पूर्वाधारहरु जनरल अस्पताल सरह | |
| २ | सेवा | |
| | मोक्सिबुसन  क्सिबुसन | |
| ३ | जनशक्ति | |
| | क) स्नातकोत्तर | २ |
| | ख) स्नातक | ३ |
| | ग) एक्युपञ्चर सहायक | ६ जना |
| | घ) नर्सिङ्ग स्टाफ | ३ जना |
| | ङ) प्रशासनिक कर्मचारी जनरल अस्पताल सरह | |
| | च) कार्यालय सहयोगी | ४ जना |
| ३ | उपकरण | |
| | क) एक्युपञ्चर निडिल | |
| | ख) मोक्सा स्टिक | |
| | ग) कपिङ्ग | |
| | घ) अटोक्लेभ | |
| | ङ) स्टेथोस्कोप | |
| | च) थर्मोमिटर | |
| | छ) रेकर्ड रजिष्टर | |
| | ज) अन्य व्यवस्था जनरल जनरल अस्पताल सरह | |

नोटः अस्पताल स्थापना तथा सञ्चालनको नीति तथा नियमहरु जनरल अस्पताल सरह हुने अस्पताल, नर्सिङ्ग होम वा स्वास्थ्य क्लिनिक आयुर्वेद विभागमा दर्ता गर्नु पर्नेछ।

**(ट) प्राकृतिक चिकित्सा अस्पतालको पूर्वाधारहरुः**

| सि.नं. | बिवरण | १५ शैया |
|---|---|---|
| १ | आवश्यक अस्पताल भवन एवम् खुल्ला जग्गा (५५ वर्ग मी. प्रति शैया) | |

| | | |
|---|---|---|
| २ | प्रवेश मार्गः– अस्पतालसम्म मोटर सजिलै जाने, फर्कने र रोक्न सक्ने सुविधा हुनुपर्ने | |
| ३ | प्रतिक्षालय<br>सोधपुछ/सम्पर्क र सूचना/टेलिफोन सेवा हुनुपर्ने<br>प्रतिक्षालयमा बस्ने ठाउँ पर्याप्त पानीको व्यवस्था भएको<br>शौचालय महिला र पुरुषका लागि (अलग)<br>ह्वील चियर/ट्रली/स्ट्रेचर | <br><br><br>२ वटा<br>२/२ वटा |
| ४ | बहिरंग विभाग (OPD)<br>बिरामी जाँच्ने कोठा<br>व्यवस्थापन कक्ष | <br>२ वटा<br>१ वटा |
| ५ | आकस्मिक सेवा सुविधा<br>अक्सिजन सेट<br>IV Set<br>आकस्मिक सेवामा आवश्यक अन्य उपकरण | आवश्यकतानुसार |
| ६ | प्रयोगशाला कोठा | |
| | उपचारको सामग्री (माटो, पानी आदिको गुणस्तर जाच गर्ने कोठा) | |
| ७ | मनोपरामर्श एवम् जीवनशैली र स्वास्थ्य प्रशिक्षण कोठा | १ वटा |
| ८ | योगासन, प्राणायाम, ध्यान आदिका लागि आवश्यक हल | ४० जना |
| ९ | Physiotherapy Unit | १ वटा |
| १० | उपचार सेवाको कोठा (जल चिकित्सा, माटो चिकित्सा, सूर्य किरण चिकित्सा, चुम्बक चिकित्सा, मालिस एवम् अन्य प्राकृतिक चिकित्सा सेवाका लागि) | १५ वटा |
| ११ | भोजनालय (चिकित्सकले दिएको भोजन तालिम अनुसारको भोजन दिन सक्ने भोजनालय, भोजन एवम् पोषण विशेषज्ञका लागि आवश्यक कोठा) | ३ वटा |
| १२ | पुर्नताजगी कक्ष – चिकित्सक, सहायक चिकित्सक आदिका लागि | |
| १३ | शैया/कोठा | |
| | विशेष सघन उपचार कोठा (१ जना बिरामी मात्र राख्ने) | २ |
| | २/२ जना बिरामी राख्न सुविधा भएका कोठा | २ |
| | ४/४ जना बिरामी राख्न सुविधा भएका कोठा | २ |
| | ६/६ जना बिरामी राख्न सुविधा भएका काठा | १ |
| १४ | शैचालय एवम् स्नान कोठा | |
| १५ | फल विरुवा प्रशस्त भएको बगैचा | |
| १६ | उपकरण | |

| | | |
|---|---|---|
| | सम्पूर्ण शरीरको वाष्पस्नान यन्त्र | ३ वटा |
| | स्थानीय वाष्पस्नान यन्त्र | ३ वटा |
| | कटिस्नान टव | ७ वटा |
| | रीढस्नान टव | ५ वटा |
| | एनीमा (Enema) | ४ वटा |
| | विभिन्न प्रकारका पट्टिहरु (चिसो पट्टि) | ३० वटा |
| | सेकका यन्त्रहरु | ५/५ वटा |
| | माटो चिकित्सामा प्रयोग हुने उपकरणहरु सूर्य किरण चिकित्सामा प्रयोग हुने उपकरण् | १०/१० वटा |
| | षदकर्ममा प्रयोग हुने उपकरणहरु मालिसमा प्रयोग हुने उपकरणहरु | २० सेट |
| | पानीलाई विभिन्न तापक्रममा ल्याउन एवम् वाफ बनाउने यन्त्र | १ वटा |
| | थर्मोमिटर (पानीको ताफक्रम र शरीरको तामक्रम नाप्ने) | २०/२० वटा |
| | रक्तचाप नाप्ने यन्त्र (BP Set)नाक, कान, घाटी जाच्ने यन्त्र (ENT Set) | ५ वटा |
| | तौल नाप्ने यन्त्र (Weighing Machine) | ३ वटा |
| १७ | जनशक्ति | |
| | चिकित्सक | २ जना |
| | सहायक चिकित्सक | २ जना |
| | उपचारक | १५ जना |
| | सहायक उपचारक | ३ जना |
| | लेखा अधिकृत | – |
| | लेखापाल | १ जना |
| | प्रशासकीय प्रमुख | १ जना |
| | प्रशासकीय सहायक | १ जना |
| | सुपरभाईजर | १ जना |
| | Receptionist | १ जना |
| | कार्यालय सहयोगी | ४ जना |
| | मालि | १ जना |
| | चौकीदार | ४ जना |

(ठ) फिजियोथेरापी केन्द्र, पुर्नस्थापना केन्द्र (मनोसामाजिक), प्राकृतिक उपचार केन्द्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योग ध्यान तथा  शारीरीक व्यायाम केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिक तथा सेवा केन्द्रहरुले प्रदान गर्ने न्युनतम सेवाहरु जनस्वास्थ्य सेवा नियमावली २०७७ बमोजिम हुनेछ।

(ड) जेरियाट्रिक परामर्श केन्द्र/ज्येष्ट नागरिक सेवा केन्द्र, असहाय सेवा केन्द्रले प्रदान गर्ने न्युनतम सेवाहरु जनस्वास्थ्य सेवा नियमावली २०७७ बमोजिम हुनेछ।

नोटः– दफा २५ को खण्ड (ठ) र (ड) बमोजिमको सेवा सञ्चालन गर्नका लागि चाहिने आवश्यक योग्यता,जनशक्ति र अन्य मापदण्डहरु प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद ९

## अभिलेख तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

**२४. अभिलेख तथा प्रतिवेदनः**

(१) प्रत्येक स्वास्थ्य संस्थाले प्रदान गरेका सेवाहरु शुक्लाफाँटा नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट प्राप्त एकिकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार अभिलेख राख्नु पर्नेछ। तोकिएको समयमा आफुले प्रदान गरेका सेवाको प्रतिवेदन नगर कार्यपालिकाको कार्यालयबाट प्राप्त एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको ढाँचामा शुक्लाफाँटा नगरपालिकाको कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। यसरी तोकिए बमोजिमको अभिलेख नराख्ने र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाइ नगरपालिकाले सचेत गराउनुका साथै अनुमति खारेज गर्न समेत सक्नेछ।

(२) सूचना व्यवस्थापन गर्ने कर्मचारीलाई शुक्लाफाँटा नगरपालिकाको कार्यालयबाट एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली सम्बन्धि तालिम लिने व्यवस्था गराउनु पर्नेछ।

(३) स्वास्थ्य संस्थाले सेवा प्रदान गरेका विरामीहरुको रोगको विवरण ICD 10  अनुसार coding  नगरी प्रतिवेदन गर्नु पर्नेछ।

(४) स्वास्थ्य संस्थाले आफ्नो संस्थामा नेपाल सरकारले तोकेको notifiable diseases  को विरामी पत्ता लागेको वा शंका लागेको खण्डमा वा कुनै रोगको महामारीको शंका लागेमा तुरुन्त शुक्लाफाँटा नगरपालिका को कार्यालयमा सूचना गनु पर्नेछ।

## परिच्छेद १०

## सञ्चालन अनुमति नवीकरण हुन नसक्ने अवस्था र खारेजी सम्बन्धी व्यवस्था

२५. सञ्चालन अनुमति नवीकरण नहुनेः

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा स्वास्थ्य संस्थाको सेवा सञ्चालन अनुमतिको नवीकरण गरिने छैनः–

(क) नियमित वा आकस्मिक अनुगमन गर्दा ताकिएको गुणस्तर वा पूर्वाधार पुरा नगरी स्वास्थ्य सेवा सञ्चालन गरेको पाईएमा,

(ख) अस्पतालले प्रदान गरेका सेवाको तोकिएको ढाँचामा अभिलेख नराखेमा, तोकिएको ढाचा र समयमा नियमित प्रतिवेदन नगरेमा र वार्षिक प्रतिवेदन शुक्लाफाँटा नगरपालिकाको कार्यालयमा पेश नगरेमा,

(ग) स्वास्थ्य संस्थाबाट सिर्जित अस्पतालजन्य फोहरमैलाको उचित व्यवस्थापन नगरेको पाईएमा,

(घ) मन्त्रालय वा प्रादेशिक स्वास्थ्य संरचना वा सम्वन्धित निकाय वा नगरपालिकाको कार्यालयले दिएको निर्देशनको उल्लंघन गरेमा,

(ङ) भवन संहिता अनुरुप भवन निर्माण नभएको वा पुरानो भवनको हकमा तोकिएको समयभित्र भुकम्पीय दृष्टिकोणले भवन प्रबलीकरण गरेका नपाईएमा।

२६. खारेजी गर्न सकिनेः

(१) यो कार्यविधि प्रारम्भ हुनु अघि अनुमति प्राप्त गरी सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले संस्था सञ्चालन गर्न नसक्ने जनाई सञ्चालन अनुमति खारेजीका लागि निवेदन दिएमा सम्बन्धित निकायले त्यस्तो संस्थाको सञ्चालन अनुमति खारेजी गर्न सक्नेछ।

(२) गैर कानुनी क्रियाकलाप गरेको पाईएमा सम्बन्धित निकायले सम्बन्धित सेवा निलम्वन वा त्यस्तो संस्थाको सञ्चालन अनुमति खारेजी गर्न सक्नेछ।

(३) दफा २५र २६ मा तोकिएको कार्यहरु उल्लंघन गरेमा।

## परिच्छेद ११

## विविध

२७. सेवा शुल्क निर्धारण समिति सम्बन्धी व्यवस्थाः

(१) सर्वसाधारणलाई उचित मुल्यमा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने प्रयोजनका लागि स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरका आधारमा त्यस्तो स्वास्थ्य संस्थाले लिन सक्ने सेवा शुल्क सम्बन्धी मापदण्ड निर्धारण गर्नका लागि शुक्लाफाँटा नगरपालिकाले अनुसूची –११ बमोजिम सेवा शुल्क निर्धारण समिति गठन गर्नेछ र उक्त समितिको सिफारिसका आधारमा सेवा शुल्क निर्धारण हुनेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि सेवा शुल्क निर्धारण समितिको बैठक आवश्यकता अनुसार वस्नेछ।

(३) सेवा शुल्क निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**२८. मापदण्ड तथा अनुसूचीमा हेरफेरः**नगरपालिकाले यस कार्यविधिमा उल्लिखित मापदण्ड तथा अनुसूचीहरू आवश्यकता अनुसार हेरफेर र थपघट गर्न सक्नेछ।

**२९. व्याख्या गर्ने अधिकारः** यस कार्यविधिमा उल्लेखित मापदण्डको कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा वाधा आई परेमा शुक्लाफाँटानगरपालिका, नगरकार्यपालिकाले सो मापदण्डको व्याख्या गर्नेछ।

**३०. बचाउः** यस कार्यविधिमा लेखिए जति कुरा यसै कार्यविधि बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

## अनुसूची १

### पूर्वाधार, दर्ता,नविकरण तथा स्तरोन्नति स्वीकृतिको प्रयोजनका लागि अनुगमन समिति सम्बन्धी व्यवस्था

(दफा २ को खण्ड (क) साग सम्बन्धित)

| | |
|---|---|
| १. प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २. सहरी विकास तथा प्राविधिक शाखा प्रमुख | सदस्य |
| ३. मेडिकलअधिकृत(एक) | सदस्य |
| ४. ल्याब टेक्नीसियन/अधिकृत (एक) – | सदस्य |
| ५. पब्लिक हेल्थ नर्स/नर्सिङ अधिकृत (एक) – | सदस्य |
| ६. फार्मेसी/अधिकृत (एक) – | सदस्य |
| ७. स्वास्थ्य शाखा प्रमुख – | सदस्य सचिव |

पुनश्चः शुक्लाफाँटा नगरपालिकाको कार्यालयमा सबै सदस्यहरु नभएको अवस्थामा आवश्यकता अनुसार स्वास्थ्य निर्देशनालय,स्वास्थ्य कार्यालय तथा जिल्लामा अवस्थित सरकारी अस्पतालका कर्मचारीहरुबाट सदस्य कायम गर्न सकिनेछ।

नोटःसमितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विशेषज्ञलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ।


अनुसूची २

भवन सम्बन्धी मापदण्ड

(दफा २ को खण्ड (फ) संग सम्बन्धित)

काठमाण्डौ उपत्यका बाहिर निर्माण गरिने स्वास्थ्य संस्थाका हकमा मापदण्डमा उल्लेख गरिएको भए सोही अनुसार तथा नभएको हकमा देहायको मापदण्ड अनुसार कायम गरिनु पर्नेछ।

- अधिकतम ग्राउण्ड कभरेज – ४० प्रतिशत
- Floor Area Ratio (FAR)– २.५
- न्युनतम पार्किङ स्थल – जम्मा जग्गाको २५ प्रतिशत
- भवनको सेट ब्याक (Set Back)– कम्तिमा ३ मिटर भवनको चारैतिर
- लाईट प्लेन (Light Plane)– ६३.५ डिग्री



## **अनुसूची ३**

### पूर्वाधार स्वीकृतिको मनसाय पत्रका लागि निवेदन फाराम

( दफा ४ को उपदफा (१) संग सम्बन्धित)

श्री ..............................................................

.............................................................. ।

निम्नानुसार प्रस्तावित अस्पतालका संचालन तथा पूर्वाधार स्वीकृतिको मनसाय पत्रका लागि देहाय अनुसार कागजात सहित निवेदन फाराम पेश गरेका छु/छौ ।

**निवेदन फारामः**

कार्यकारी अधिकृत/संचालन समितिका तर्फबाट

............................................................

१. अस्पतालको नामः– शैया संख्याः–

२. साधारण सेवा/विशेषज्ञ सेवा वा अस्पताल के हो उल्लेख गर्नेः–

३. अस्पतालको ठेगाना (पत्राचार गर्ने ठेगाना)–

वडा नं.– टोलः– घर नं.

मोबाइलः– टेलिफोन नं. ईमेल ठेगानाः

४. अस्पताल खोल्ने व्यक्तिहरु (५ प्रतिशत भन्दा बढी शेयर धारण गर्नेहरुको मात्र)–

नामः– ठेगानाः–

नागरिकता नः– मोबाइल नं– फोन नं–

५. अस्पतालका लागि आवस्यक जग्गा र स्वामित्वका

(क) जग्गाका कित्ता, क्षेत्रफल र स्वामित्वका प्रकारः

(ख) लिजमा भए कबुलियतनामा पेश गर्नेः

६.अस्पतालका वित्तीय स्रोतः–

(क) निजी लगानी (ख) बैंक कर्जा (ग) सरकारी (घ) अनुदान सहयोग

(ङ) गैरसरकारी संस्थाबाट कर्जा लिइ संचालन गर्ने भए सो को विवरण (च) अन्य

वित्तीय लगानीः– (स्थीर पूँजी लागत) रु. ....................

(क) भवन तथा जग्गाको लागिः– रु. ....................

(ख) औजार उपकरणको लागिः– रु. ...................

वित्तीय लगानी (चाल पूजी लागत) रु. .................

रोजगार संख्याः–

अनुमानित आम्दानीः– रु. .................

अनुमानित मुनाफाः– ................ मासिकः– रु. ................ त्रैमासिकः– रु. ................

वार्षिकः– रु. ................

७. देहायका विषयहरु समेत समावेश भएको व्यावसायिक कार्ययोजना

(क)स्वीकृत संस्थाबाट प्रदान गर्ने सेवाहरूका विवरणः

| निदानात्मक सेवा | प्रतिकारात्मक सवा | उपचारात्मक सवा |
|---|---|---|
| ☐ एक्स–रे<br>☐अल्ट्रासाउण्ड<br>☐इन्डोस्कोपी<br>☐इसीजी, ट्रेडमिल<br>☐प्रयोगशाला<br>☐ ................<br>☐ .................<br>☐ ................ | ☐ खोप<br>☐ गर्भवती, सुत्केरी जाँच<br>☐ परिवार नियोजन<br>☐ .....................<br>☐ .....................<br>☐ .....................<br>☐ .....................<br>☐ ................... | ☐ प्रसूति तथा स्त्री रोग<br>☐ जनरल मेडिसिन<br>☐जनरल सर्जिकल<br>☐ विशेषज्ञ सेवाः जस्तै प्रसूती सेवा, मृगौला रोग, स्नायु, आँखा, हाडजोर्नी, मानसिक सेवा<br>☐ .......................<br>☐ ........................... |

(ख) संस्थामा प्रयोग हुन आवश्यक उपकरणहरूका विवरण (संलग्न गर्ने )

(१)..........................................................................................

(२)..........................................................................................

(३)..........................................................................................

(४)..........................................................................................

(ग) संस्थामा सेवा पुऱ्याउनका लागि आवश्यक पर्ने जनशक्तिका विवरण (संलग्न गर्ने )

(१) विशेषज्ञः

नामः पदः योग्यताः पार्टटाइमः फुलटाइमः

(२) प्राविधिकः

नामः पदः योग्यताः पार्टटाइमः फुलटाइमः

(३) प्रशासनिकः

नामः पदः योग्यताः पार्टटाइमः फुलटाइमः

नोटः

(१) संस्थामा काम गर्ने प्राविधिक कर्मचारीहरू सम्बन्धित परिषदमा दर्ता भएका हुनुपर्ने । सम्बन्धित परिषदका प्रमाण पत्र अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।

(२) कर्मचारीहरूका योग्यताका प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनुपर्ने ।

(३) सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरू संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९ अनुसारको स्वीकृति पत्र अनिवार्यरुपमा संलग्न हुनुपर्ने ।
(४) प्राविधिक कर्मचारीहरुले आफैकार्य गर्ने अन्य संस्थाहरुका समेत विवरण खुलाउने ।

## अनुसूची ४
## स्वास्थ्य संस्था स्थापना, सेवा विस्तार वा स्तरोन्नतिका लागि अनुमति प्राप्त गर्न दिने निवेदन फाराम
**(दफा ५ को उपदफा (१) सग सम्बन्धित)**

१. अस्पतालको नामः– शैया संख्याः–

२. साधारण सेवा/विशेषज्ञ सेवा वा अस्पताल के हो उल्लेख गर्नेः–

३. अस्पतालको ठेगाना (पत्राचार गर्ने ठेगाना)–

वडा नं.– टोलः– घर नं.

मोबाइलः– टेलिफोन नं. ईमेल ठेगानाः

४. अस्पताल खोल्ने व्यक्तिहरु (५ प्रतिशत भन्दा बढी शेयर धारण गर्नेहरुको मात्र)–

नामः– ठेगानाः–

नागरिकता नः– मोबाइल नं– फोन नं–

५. संस्थाका वित्तिय श्रोतहरुः

क. निजीः–

ख. शेयर कजाः–

ग. सरकारीः–

घ. गैर सरकारी संस्थाबाट कर्जा लिइ संचालन गर्ने भए सो उल्लेख गर्नेः–

वित्तीय लगानीः–(लागत) रु.

भवन तथा जग्गाका लागिः– औजार उपकरणः– जनशक्तिः–

अनुमानित आम्दानीः–

आम्दानी स्वदेशीः– बिदेशीः–

अचल सम्पत्तिका स्रोतः– अनुमानित मुनाफाः– मासिकः–

त्रैमासिकः– वार्षिकः–

६. नर्सिङ्ग होम तथा निजी अस्पतालका वर्गीकरण अनुसार प्रदान गर्ने सेवाहरुको बिवरण कुन–कुन सेवा पुऱ्याउने हो ? खुलाउने ।

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा | अन्य सेवा |
|---|---|---|---|
| एक्स–रे | खोप | प्रसूति तथा स्त्रीरोग | एम.सि.एच क्लिनिक परिवार प्याथोलोजी |
| ल्याव | आहार विहार | जनरल मेडिसिन | नियोजन |
| अल्ट्रासाउण्ड | जनरल सर्जिकल विशेषज्ञ सेवा जस्तै ः–प्रसूति सेवा, | | |
| इण्डोस्कोपी | मृगौला रोग, स्नायु, दन्त | | |

ई.सी.सी., टे«डमील प्रयोगशाला सर्जिकल सेवा तथा रुजाहर व्यवस्थापन

**७.** संस्थामा प्रयोग हुन आवश्यक मुख्य उपकरणहरू र श्रोतको विवरण (संलग्न गर्ने )

(१)...............................................................................................

(२)...............................................................................................

(३)...............................................................................................

(४)...............................................................................................

८. संस्थामा सेवा पुर्याउन कर्मचारीहरुका बिवरण सम्बन्धित मापदण्ड अनुसारः–

(क) विशेषज्ञः

नामः पदः योग्यताः पार्टटाइमः फुलटाइमः

(ख) प्राविधिकः

नामः पदः योग्यताः पार्टटाइमः फुलटाइमः

(ग) प्रशासनिकः

नामः पदः योग्यताः पार्टटाइमः फुलटाइमः

नोटः

१) सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्डहरु र पूर्वाधारहरु पूरा भएपश्चात मात्र सेवा संचालन गर्न पाईनेछ ।

२) उपर्युक्त बमोजिम के कति कर्मचारीहरुका संस्थामा संलग्न हुने हो, स्पष्ट उल्लेख हुनुपर्ने ।

३) सबै शुल्क बिवरण बिस्तृत रुपमा उल्लेख हुनुपर्ने ।

४) संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारीहरु सम्बन्धित परिषदमा दर्ता भएको हुनुपर्ने, सम्बन्धित परिषदको प्रमाणपत्र अनिवाय रुपमा पेश गर्नुपर्ने ।

५) कर्मचारीहरुको योग्यताको प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनुपर्ने ।

६) नेपाल सरकारमा कार्यरत कर्मचारीहरु संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ५९ अनुसारका स्वीकृति पत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने ।

७) प्राविधिक कर्मचारीहरुले आफै कार्य गर्ने अन्य संस्थाहरुको समेत विवरण खुलाउने ।

## नोटः स्वास्थ्य संस्था सञ्चालनका लागि निवेदन दिदा सलग्न गर्नुपर्ने कागजातहरु

१. निवेदन फारम

२. कम्पनी दर्ता/संस्था दर्ताको प्रमाणित प्रतिलपि

३. संस्था/कम्पनीको विधान/प्रवन्ध पत्र, नियमावलीको प्रतिलिपि

४. स्थायी लेखा दर्ता प्रमाण–पत्रका प्रतिलपि

५. स्थापना गर्न लागिएका ठाउमा अस्पताल आवश्यक/उपयुक्त छ भन्ने सम्बन्धित वडाको सिफारिस पत्र

६. अस्पतालमा काम गर्ने जनशक्ति सम्बन्धी विवरण

(क) बायोडाटा

(ख) शैक्षिक योग्यता, तालिमका प्रमाणित प्रतिलिपि

(ग) प्राविधिक कर्मचारीहरुले सम्बन्धित काउन्सिलका दर्ता प्रमाण–पत्रका प्रतिलिपि

(घ) नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(ङ) जनशक्तिहरुको काम गर्ने समय (पाट टाइम/फुल टाइम किटान गर्नुपर्नेछ)

(च) मञ्जुरीनामा/कबुलियतनामा

७. औजार उपकरणका बिवरण तथा स्रोत

८. सम्पूर्ण सेवा शुल्क बिवरण

९. भौतिक सामग्रीको बिवरण

१०. अस्पतालले लिने सेवा शुल्क विवरण र गरीब तथा असहायलाई छुट दिने नीति

११. जग्गा/घरको स्वामित्व

१२.घर/कोठा बहालमा लिई सञ्चालन गर्ने भए घर बहाल सम्झौता–पत्र र भवन स्वास्थ्य संस्था संचालन गर्न राष्ट्रिय भवन संहिता बमोजिम उपयुक्त छ भन्ने सम्बन्धि सिफारिश पत्र

१३. भवनको स्वीकृत नक्सा

१४.संस्थाको चल अचल सम्पत्ति बिवरण तथा वित्तीय स्रोत

१५. कर चुक्ता प्रमाण पत्र (लागु हुने अवस्थामा मात्रै)

१६. लेखापरीक्षण प्रतिवेदन (लागु हुने अवस्थामा मात्रै)

१७. बिरामी बडापत्रको नमुना

१८. रु. १० को हुलाक टिकट

१९. भवन निर्माण सम्पन्न प्रमाणपत्र

## अनुसूची ५

## स्वास्थ्य क्लिनिक/रेडियो ईमेजिङ सेवा/पोलिक्लिनिक सञ्चालन अनुमति माग गर्ने निवेदन फाराम

**(दफा ५ को उपदफा (१) सग सम्बन्धित)**

१. संस्था नामः–                                        शैया संख्याः–

२. संस्थाकोठेगाना (पत्राचार गर्ने ठेगाना)–

वडा नं.–          टोलः–                    घर नं.

मोबाइलः–          टेलिफोन नं.                    ईमेल ठेगानाः

३. संस्था खोल्ने व्यक्तिहरुः

नामः–                                        ठेगानाः–

नागरिकता नः–          मोबाइल नं–          फोन नंः–

४. संस्थाका वित्तिय श्रोतहरुः

क. निजीः–                    ख. शेयर कर्जाः–

ग. वैदेशिकः–                    घ. गैर सरकारी

ङ. सामुदायिक                    च. अन्यः

५. संस्थाको क्षमता तथा बिस्तृत कार्य योजनाः–

सेवा प्रदान गन क्षेत्रहरुः

निदानात्मक सेवा          प्रतिकारात्मक सेवा          उपचारात्मक सेवा

एक्स–रे          खोपप्रसूति तथा स्त्रीरोग

अल्ट्रासाउण्ड          एम.सि.एच.          जनरल मेडिसिन

इण्डोस्कोपी          परिवार नियोजन सेवा          जनरल सर्जिकल विशेषज्ञ सेवा

ई.सी.जी.,ट्रेडमील प्रयोगशाला          जस्तैः–आखा,नाक, मुटु,मृगौला स्नायुरोग ईत्यादि

अन्य सेवाः– फार्मेसी

६. सेवा शुल्क अलग र स्पष्टसंग खुलाउनेः–

७. संस्थामा सेवा हुन आवश्यक उपकरणहरुका बिवरण तथा स्रोतः–

८. संस्थामा सेवा पुर्यायाउन जनशक्ति बिवरणः–

संख्या/योग्यता/अनुभव/पार्टटाईम/फुलटाईम/अन्य सुविधा

सामान्य चिकित्सकः          विशेषज्ञ चिकित्सकः          अन्य प्राविधिकः

नोटः

१) सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्डहरु र पूर्वाधारहरु पूरा भए पश्चात मात्र सेवा संचालन गर्न पाईनेछ।

२) उपर्युक्त बमोजिम के कति कर्मचारीहरुका संस्थामा संलग्न हुने हो, स्पष्ट उल्लेख हुनुपर्ने।

३) संस्थामा काय गर्ने कर्मचारीहरु सम्बन्धित परिषदमा दर्ता भएका हुनुपर्ने, सम्बन्धित परिषदका प्रमाणपत्रहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

४) कर्मचारीहरुको योग्यताको प्रमाणित प्रतिलिपिहरु संलग्न हुनुपर्नेछ।

५) नेपाल सरकारमा कार्यरत कर्मचारीहरु संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९ अनुसारका स्वीकृति पत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने ।

अनुसूची – ६

(कार्यविधिको दफा ५ को उपदफा (४) सँग सम्वनिधत)

**इजाजतपत्रको ढाँचा**

**शुक्लाफाटा नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**झलारी,कञ्चनपुर**

**सञ्चालन इजाजतपत्र**

**इजाजत पत्र नं.....**

**श्री.....................................................**

**.................................................................**

**स्वास्थ्य संस्था सञ्चालन गर्न इजाजतको लागि मिति..............................मा प्राप्त भएको निवेदन उपर कारवाही हुदाँ त्यस .................................संस्थालाई सेवा सञ्चालन गर्न दिने गरी मिति...............................मा निर्णय भएकोले शुक्लाफाँटा नगरपालिकाको स्वास्थ्य सेवा ऐन र शुक्लाफाँटा नगरपालिकास्वास्थ्य संस्था दर्ता,नविकरण,स्तरोन्नती तथा सेवा थप सम्वन्धि कार्यविधि,२०८१ तथा देहायका शर्तहरुको अधिनमा रहि शुक्लाफाँटा नगरपालिकाको वडा नं. ..........मा ...........शैया क्षमताको ..................................................................(अस्पताल/स्वास्थ्य संस्था) सञ्चालन गर्न शुक्लाफाँटा नगरपालिकास्वास्थ्य संस्था दर्ता,नविकरण,स्तरोन्नती तथा सेवा थप सम्वन्धि कार्यविधि,२०८१ को दफा ५ को उपदफा (४)बमोजिम यो इजाजतपत्र दिईएको छ ।**

**१. स्वास्थ्य संस्था तथा त्यस्तो संस्थाले प्रदान गर्नुपर्ने सेवाः**

**२. इजाजतपत्र कायम रहने अवधिः**

**इजाजतपत्र दिने अधिकारीको**

**दस्तखतः**

**नामः**

**दर्जाः**

**मितिः**

**(इजाजतपत्रको पछाडीको पृष्ठमा लेखिने)**

**इजाजतपत्र प्राप्त स्वास्थ्य संस्थाले पालना गर्नुपर्ने शर्तहरुः**

(क) स्वास्थ्य संस्था सञ्चालन गर्दा तोकिएको न्यूनतम मापदण्ड पालना सम्वन्धमा स्वमूल्याङ्कन गरी गुणस्तर सुधार गर्दै जानुपर्ने ।

(ख) नेपाल सरकारबाट स्वीकृत गरिएको सरकारी कार्यक्रम लागू गर्नु पर्ने ।

(ग) शुक्लाफाटा नगरपालिकाले जारी गरेको नीति तथा कार्यक्रम लागू गर्ने ।

(घ) मन्त्रालयले समय समयमा तोकेको अन्य शर्तहरु पालना गर्नुपर्ने ।

(ङ) प्रत्येक वर्ष सम्पूर्ण संस्थाहरुले तोकिएको समय भित्र नविकरण गरिसक्नु पर्नेछ ।

**इजाजतपत्रको नवीकरण**

**नवीकरण गर्ने निकायः**

| स्वास्थ्य संस्थाको नाम र ठेगाना | नवीकरण मिति | बहाल रहने मिति | नवीकरण गर्ने अधिकारीको नाम र पद | दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची ७
## स्वास्थ्य संस्था स्थापना तथा नविकरण अनुमति दस्तुर
## (दफा ८ र ९ को उपदफा (२) संग सम्बन्धित

| सि.नं. | संस्थाको किसिम | स्थापना/अनुमती दस्तुर | नबिकरण दस्तुर |
|---|---|---|---|
| १. | १५ शैया सम्मको अस्पताल | शुक्लाफाटा नगरपालिका स्वास्थ्य संस्था दर्ता, नवीकरण ,स्तरोन्नती तथा सेवा थप सम्बन्धि लाग्ने दस्तुर शुक्लाफाटा नगरपालिकाको राजश्व परामर्श समिति को सिफारिमा कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ । | शुक्लाफाटा नगरपालिका स्वास्थ्य संस्था दर्ता, नवीकरण ,स्तरोन्नती तथा सेवा थप सम्बन्धि लाग्ने दस्तुर शुक्लाफाटा नगरपालिकाको राजश्व परामर्श समिति को सिफारिमा कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ । |
| २. | स्वास्थ्य क्लिनिक,आयुर्वेद क्लिनिक,सोवारिग्पा(आम्ची) क्लिनिक, होमियोप्याथी क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिकहरु | | |
| ३. | फिजियोथेरापी केन्द्र, पुर्नस्थापना केन्द्र (मनोसामाजिक), प्राकृतिक उपचार केन्द्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योग ध्यान तथा शारीरीक व्यायाम केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिक तथा सेवा केन्द्रहरु, | | |
| ४. | जेरियाट्रिक परामर्श केन्द्र÷ज्येष्ट नागरिक सेवा केन्द्र, असहाय सेवा केन्द्र | | |
| ५. | “डि” र “ई” वर्गको प्रयोगशाला | | |

अनुसुची- ८

<u>दफा ८ को उपदफा (१) संग सम्बन्धित</u>

नविकरणको लागी दिइने निवेदनको ढाचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु
नगरकार्यपालिकाको कार्यालय,
शुक्लाफाँटा नगरपालिका, झलारी, कञ्चनपुर

**बिषयः इजाजतपत्र नविकरण सम्बन्धमा**

त्यस कार्यालयबाट मिति .................................... मा प्रदान गरिएको इजाजतपत्रको अवधि मिति ...................................... मा समाप्त हुने भएकाले इजाजतपत्र नविकरण गराउनको लागी शुक्लाफाटा नगरपालिका स्वास्थ्य संस्था दर्ता,नविकरण,स्तरोन्नती तथा सेवा थप सम्वन्धि कार्यविधि,२०८१ को दफा ८ को उपदफा (१) संग सम्बन्धित बमोजिम यो निवेदन पेश गरेको छु।

संलग्न कागजातहरुः

१) संस्थाको इजाजत पत्र र पछिल्लो आर्थिक बर्षको कर चुक्ताको प्रमाण पत्र

२) शुक्लाफाटा नगरपालिकाको अनुसुची १ बमोजिमको अनुगमन समितिको प्रतिवेदन

स्वास्थ्य संस्थाको छाप

स्वास्थ संस्थाको तर्फबाट निवेदन दिने व्यक्तिको

दस्तखतः

नाम, थर

पदः

मितिः

## अनुसूची ९

## स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको विरामी बडापत्रको ढाचा

### (दफा १४ उपदफा (१) को बुदा (ट) संग सम्बन्धित

| सि.न. | शाखा | प्रदान गरिने सेवाको विवरण | प्रक्रिया | दस्तुर | लाग्ने समय | सम्पर्क ब्यक्ति | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची १०

## स्वास्थ्य संस्थाबाट आकस्मिक सेवाको लागि चिकित्सक तथा स्वास्थ्यकर्मीको विवरणको ढाचा

### (दफा १४ उपदफा (१) को बुदा (थ) संग सम्बन्धित

मितिः

| क्र.सं | स्वास्थ्यकर्मीको नाम | पद | समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची ११

## सेवा शुल्क निर्धारण समिति

(दफा २७ को उपदफा (१) संग सम्बन्धित)

| | |
|---|---|
| १. नगर प्रमुख वा निजले तोकेको व्यक्ति | – अध्यक्ष |
| २. सामाजिक विकास समितिको संयोजक | – सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | – सदस्य |
| ४. झलारी उद्योग बाणिज्य संघको प्रतिनिधि | – सदस्य |
| ५. नगर कार्यपालिकाले तोकेको विषय विज्ञ | – सदस्य |
| ६. अध्यक्ष वा प्रतिनीधि, एफिन | – सदस्य |
| ७. स्वास्थ्य शाखा प्रमुख, | – सदस्य सचिव |

नोटः समितिले आवश्यकता अनुसार सम्वन्धित विषयका विशेषज्ञलाई समितिमा सदस्यका रुपमा थप गर्न सक्नेछ ।